# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ३११ | काठमाडौं | बुधबार, २७ फागुन २०८२ | Prabhab National Daily | Wednesday, 11 March 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–

# समानुपातिकबाट कम्तीमा ७५ महिलाले अवसर पाउने

यी हुन् प्रत्यक्षबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित महिला



इन्दिरा राना मगर, रञ्जु न्यौपाने, तोसिमा कार्की, रुविना आचार्य, आशिका तामाङ, आशा झा, नीतिमा भण्डारी, सोबिता गौतम, पुष्पा चौधरी, निशा डाँगी, गौरी कुमारी, बिना गुरुङ, कोमल ज्ञवाली, बासना थापा

- प्रत्यक्षतर्फ रास्वपाबाट १३ र कांग्रेसबाट एक जना गरी १४ जना महिला निर्वाचित
- संघीय संसद्मा ३३ प्रतिशत प्रतिनिधित्व गराउनैपर्ने संवैधानिक व्यवस्था
- समानुपातिकबाट कम्तीमा ७५ जना महिला निर्वाचित गर्नुपर्ने
- समानुपातिक सिटका लागि योग्य छ दलबाट २१ पुरुषलेमात्र प्रतिनिधिसभा सदस्य बन्ने अवसर पाउने

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** गत बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रत्यक्षतर्फ १४ जनामात्र महिला निर्वाचित भएका छन्। कूल १६५ जना निर्वाचित हुने प्रत्यक्षतर्फको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट १३ जना र नेपाली कांग्रेसबाट एक जना महिला निर्वाचित भएका हुन्। नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट निर्वाचित सबै पुरुष छन्।

निर्वाचनमा प्रत्यक्षबाट चुनाव लडेर निर्वाचित हुने रास्वपाका १३ जना महिला सदस्यमा निशा डाँगी, इन्दिरा रानामगर, आशा झा, रुबिना आचार्य, पुष्पा चौधरी, गौरी कुमारी, नीतिमा भण्डारी कार्की, आशिका तामाङ, रञ्जु दर्शना न्यौपाने, डा. तोसिमा कार्की, सोबिता गौतम, बिना गुरुङ र कोमल ज्ञवाली हुन्।

यता १८ सिटमा जित निकालेको कांग्रेसबाट बासना थापा एक जनामात्र निर्वाचित हुन सफल भइन्। यो निर्वाचनमा नेकपा एमालेका नौ, नेकपाका छ, श्रम संस्कृतिका तीन, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का एक र स्वतन्त्र एक जना निर्वाचित हुँदा सबैजना पुरुषमात्र निर्वाचित भएका छन्।

कूल २७५ सदस्यीय प्रतिनिधिसभामा अब समानुपातिकबाट ११० सदस्य चयन गर्नुपर्छ। संविधानले सदनमा कूल सदस्यमध्ये ३३ प्रतिशत महिला अनिवार्य आवश्यक हुने व्यवस्था गरेको छ। नेपालको संविधानको धारा ८४ को (८) मा यसबारे भनिएको छ, 'संघीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कूल सदस्य संख्याको कम्तीमा एकतिहाइ सदस्य महिला हुनुपर्दछ।'

प्रत्यक्षतर्फको कूल १६५ सिटमा महिला आठ प्रतिशतमात्र निर्वाचित भएको छ। समानुपातिकसहितको कूल २७५ सिटमा भने यो पाँच प्रतिशतमात्र हो। त्यसैले कूल २७५ मा अझै पनि २८ प्रतिशत महिला सांसद समानुपातिकबाट अनिवार्य चयन गर्नुपर्ने देखिन्छ। यसका लागि हरेक दलले ३३ प्रतिशत कोटाअनुसार महिला सांसद चयन गर्नुपर्ने हुन्छ।

समानुपातिक मतमा रास्वपाले ४७ प्रतिशत मत कटाउँदा ५७ जना सांसद पाउने देखिन्छ। प्रत्यक्षमा १२५ र समानुपातिकमा ५७ जोड्दा कूल सिट १८२ पुग्छ।

क्रमशः पृष्ठ २ मा

# छिनोफानो हुँदै समानुपातिकको ११० सिट, ६ दल हकदार

- छ दललेमात्र कटाए समानुपातिकको 'थ्रेसहोल्ड'
- प्रत्यक्षमा १२५ सिट जितेको रास्वपालाई समानुपातिकमा पनि सर्वाधिक मत
- कांग्रेस, एमाले र नेकपा क्रमशः दोस्रो, तेस्रो र चौथो स्थानमा
- श्रम संस्कृति र राप्रपा पनि समानुपातिक सिटका लागि योग्य

■ **जेबी योञ्जन**

**काठमाडौं–** समानुपातिक निर्वाचन प्रणालीबाट छ वटा दल प्रतिनिधिसभामा प्रतिनिधित्व सुनिश्चित गरेका छन्। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले समानुपातिकबाट सिट पाउन आवश्यक तीन प्रतिशत 'थ्रेसहोल्ड' पारे गरेका हुन्।

कूल २७५ सदस्यीय प्रतिनिधिसभाका लागि भएको निर्वाचनबाट समानुपातिकतर्फको ११० जना सांसद निर्वाचित हुन बाँकी छ। प्रत्यक्षतर्फको १६५ सांसद भने निर्वाचित भइसकेका छन्। निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले मंगलबार साँझ प्रभावसँग कुरा गर्दै समानुपातिकतर्फको मतगणना अन्तिम चरणमा पुगेको बताए। मंगलबार राति १० बजेसम्म एक करोड सात लाख मत गणना भइसकेको छ। सोही अवधिसम्म करिब तीन लाखजति मतगणना गर्न बाँकी थियो।

आयोगका प्रवक्ता भट्टराईले मतगणना सकिएपछि कुन दलले कति सिट पाउँछन् भन्ने टुंगो लगाइने बताए। 'दलीय मतको आधारमा समानुपातिक सिट बाँडफाँट हुन्छ,' उनले भने, 'त्यो सूत्रअनुसार हुन्छ।' समानुपातिकतर्फको मतगणना अन्तिम चरणमा पुग्दा दलहरूले पाउने सिटको प्रारम्भिक चित्रसमेत देखिएको छ।

प्रत्यक्षतर्फ १२५ सिट जितेको रास्वपाले समानुपातिकमा पनि सबैभन्दा करिब ४८ प्रतिशत मत पाएको छ। यो समाचार तयार पार्दासम्म रास्वपाले पाएको मत संख्या ५१ लाख कटिसकेको छ। अन्तिमसम्म यो प्रतिशत कायम राखे रास्वपाले ५७ वा ५८ सिट पाउन सक्ने आयोगका एक अधिकारीले बताए।

यो समाचार तयार पार्दासम्मको मत संख्याअनुसार नेपाली कांग्रेसले १६.२ प्रतिशत अर्थात् १७ लाख ३५ हजारभन्दा बढी समानुपातिक मत प्राप्त गरेकाले २० सिट, नेकपा एमालेले १३.५ प्रतिशत अर्थात् १४ लाखभन्दा बढी मत प्राप्त गरेकाले १६ सिट र नेकपाले सात प्रतिशतभन्दा बढी मत पाएकाले नौ सिट प्राप्त गर्न सक्छन्।

क्रमशः पृष्ठ २ मा

## यसरी बाँडफाँट गरिन्छ समानुपातिक सिट

निर्वाचन आयोगका अनुसार समानुपातिक निर्वाचन प्रणालीतर्फ पार्टीहरूले प्राप्त गर्ने सिट गणना गर्न एउटा विशेष गणितीय सूत्र प्रयोग गरिन्छ। प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७९ को परिच्छेद ५ मा समानुपातिक सिट बाँडफाँटका लागि प्रयोग गरिने सूत्र उल्लेख छ। दफा ३३ (२) ले स्पष्टरूपमा मतपरिणाम विभाजक सूत्रको आधारमा दलले प्राप्त गर्ने सिट संख्या निर्धारण हुने जनाएको छ।

दफा ३४ ले उक्त सूत्र कसरी प्रयोग गर्ने भनेर व्याख्या गरेको छ। निर्वाचनमा प्रत्येक दलले प्राप्त गरेको मतपरिणामलाई क्रमशः १, ३, ५, ७, ९ आदि (कूल उम्मेदवार संख्याअनुसारको हुने) भाजकहरूले भाग गरिने छ। त्यसरी भाग गरी प्राप्त हुने नतिजालाई भागफल भनिने छ सो दफामा उल्लेख छ।

आयोगकी सहायक प्रवक्ता सीता श्रीस पुनका अनुसार समानुपातिक सिट पाउन योग्यता पुगेका पार्टीहरूको मतको अनुपातका आधारमा परिणाम आउँछ। त्यसकै आधारमा ११० सिटको छिनोफानो हुन्छ। हिसाब गर्दा ठ्याक्कै नमिल्ने र केही मत खेर जाने उनले बताइन्।

क्रमशः पृष्ठ २ मा

**समानुपातिकतर्फ ६ दलले पाउने सम्भावित सिट**

| राजनीतिक दल | सम्भावित सिट |
|---|---|
| रास्वपा | ५७ |
| नेपाली कांग्रेस | २० |
| नेकपा एमाले | १६ |
| नेकपा | ९ |
| श्रम संस्कृति पार्टी | ४ |
| राप्रपा | ४ |

*मंगलबार राति ११:०० बजेसम्म गणना भएको मतपरिणाममा आधारित*



दलीय मतको आधारमा समानुपातिक सिट बाँडफाँट हुन्छ। त्यो सूत्रअनुसार हुन्छ।

■ **नारायणप्रसाद भट्टराई**
प्रवक्ता, निर्वाचन आयोग

**सन्दर्भ: वैदेशिक रोजगार**

# मध्यपूर्वका श्रमिकको अवस्थाप्रति श्रम अधिकारवादी संस्थाको चिन्ता

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मध्यपूर्वमा जारी युद्धका कारण त्यहाँ कार्यरत श्रमिकहरूले व्यहोर्नुपरेको जोखिमप्रति श्रम अधिकारवादी संस्थाहरूले चिन्ता व्यक्त गरेका छन्। खाडीका श्रमिकको न्यायका लागि स्थापित संगठन 'कोलिसन अन लेबर जस्टिस फर माइग्रेन्ट्स इन द गल्फ' र यसका साझेदारहरूले द्वन्द्वग्रस्त क्षेत्रभरिका श्रमिकको पक्षमा ऐक्यवद्धता जनाएका छन्।

कोलिसन अन लेबर जस्टिस फर माइग्रेन्ट्स इन त गल्फ, एन्टी स्लेभरी इन्टरनेसनल, विल्डिङ एण्ड उड वर्कर्स इन्टरनेसनल, इक्विडेम, ग्लोबल लेबर जस्टिस, अन्तर्राष्ट्रिय घरेलु कामदार महासंघ, आइटियुसी अफ्रिका र श्रमिक सञ्जालले संयुक्तरूपमा उक्त क्षेत्रमा कार्यरत श्रमिकले अत्यधिक जोखिमको सामना गरिरहेको बताएका हुन्। उक्त ऐक्यवद्धतापत्रमा जोर्डन, लेबनान, इजरायल, प्यालेस्टाइन, र इरानका श्रमिकहरू अझ बढी जोखिमको सामना गरिरहेको भनिएको छ।

बहराइन, कुवेत, ओमान, कतार, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्स (युएई)मा ठूलो संख्यामा



आप्रवासी कामदार छन्। यी मुलुकमा कम तलब पाउने, बाध्यताले रोजगारी गरिरहेका र आधारभूत श्रम अधिकारविना काम गरिरहेका कामदाहरू नै युद्धको मारमा परिरहेका औंल्याइएको छ। यस्ता कामदारहरू भाषा, रोजगारदाताको अनुमति, र कानुनी विभेदका कारण आपत्कालीन उद्धार प्रोटोकल र बम सेल्टरहरूको पहुँचबाट वञ्चित हुने गरेको भनिएको छ।

द्वन्द्वले आर्थिक जोखिमलाई अझ बढाएको अवस्थामा रोजगारदाताहरूले द्वन्द्वलाई बहाना बनाएर ज्याला रोक्ने, बिदा नदिने वा क्षतिपूर्तिविना कामदारलाई कामबाट निकाल्ने जोखिम बढेको पनि भनिएको छ। यसले रेमिटचान्स पठाउने उनीहरूको क्षमतामा असर गर्दा एसिया र अफ्रिकाका परिवार र अर्थतन्त्रलाई असर गर्ने जनाइएको छ।

द्वन्द्वको कारण ज्यान गुमाउनेहरू श्रमिक वर्ग नै रहेको भन्दै यो समयमा आप्रवासी कामदारहरूप्रतिको दायित्व स्मरण गर्न सम्बन्धित मुलुकका सरकार, अन्तर्राष्ट्रिय संस्था र रोजगारदातालाई आग्रह गरिएको छ। आप्रवासीलाई मानवीय व्यवहार, हिंसाविरुद्धको सुरक्षा, राष्ट्रियताका आधारमा भेदभाव नगर्ने, स्वेच्छिक प्रस्थानको अधिकारलगायत सुनिश्चित गर्न तत्काल कदम चाल्न सुझाव दिइएको छ।

हालसम्म युद्धका कारण युएईमा एक नेपालीसहित तीन जना, बहराइनमा एक र इजरायलमा एक जना आप्रवासी कामदारको मृत्यु भइसकेको छ।

क्रमशः पृष्ठ २ मा

कोरियन भाषा परीक्षा

# उत्पादनमूलक क्षेत्रतर्फ ६०७१ जना उत्तीर्ण

**काठमाडौं (प्रस)–** उत्पादनमूलक क्षेत्रतर्फको कोरियन भाषा परीक्षामा छ हजार ७१ जना उत्तीर्ण भएका छन्। वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले मंगलबार सूचना जारी गर्दै सन् २०२५ को भाषा परीक्षामा छ हजार ७१ जना उत्तीर्ण भएको जानकारी गराएको हो।

सो क्षेत्रका लागि ६७ हजार २९७ जनाले आवेदन फाराम भरेका थिए। फाराम भरेकामध्ये ८३.६ प्रतिशत अर्थात् भने ५६ हजार २८३ जना परीक्षामा सहभागी भएका थिए। सहभागी भएकामध्ये १०.८ प्रतिशतले परीक्षा उत्तीर्ण गरेका छन्। परीक्षामा ९७.५ प्रतिशत अंक ल्याउने परीक्षार्थी उत्तीर्ण भएका छन्। भाषा परीक्षा उत्तीर्ण भएकाहरूको सीप र योग्यता (स्किल एण्ड कम्पिटेन्सी) परीक्षण हुने छ।

सन् २०२५ को कोरियन भाषा परीक्षाबाट उत्पादनमूलक र कृषि तथा पशुपालन क्षेत्रका लागि पाँच हजार ३०० जनाको कोटा खुला गरिएको छ। जसमा उत्पादनमूलक क्षेत्रतर्फ तीन हजार ५०० र कृषि तथा पशुपालन क्षेत्रतर्फ एक हजार ८०० जनालाई रोजगारीको अवसर दिने भनिएको छ। तर, कोरियामा कामदारको मागअनुसार उत्तीर्ण संख्या थपघट हुन सक्ने छ।

रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत कामदार लैजान कोरियाली सरकारले नेपाल सरकारसँग सन् २००७ मा समझदारीपत्रमा हस्ताक्षर गरेको थियो। सन् २००८ बाट सोही प्रणालीमार्फत कामदार लग्दै आएको छ।

# युएईका नेपालीहरूलाई महत्त्वपूर्ण कागजात साथमा राख्न आग्रह

**काठमाडौं (प्रस)–** संयुक्त अरब इमिरेट्स (युएई)स्थित नेपाली दूतावासले युएईमा रहेका नेपालीहरूलाई राहदानीलगायत आफ्ना कागजातहरू साथमा राख्न आग्रह गरेको छ। दूतावासले मंगलबार एक सूचना जारी गर्दै यस्तो आग्रह गरेको हो।

'युएईमा बसोबास तथा कार्यरत सम्पूर्ण नेपालीहरूलाई समयमै आफ्नो राहदानीको बहाल अवधि चेक गर्नुहुन र आफ्ना महत्त्वपूर्ण कागजातहरू जस्तैः आफ्नो राहदानी, नागरिकता तथा इमिरेट्स आइडीको डिजिटल कपी सुरक्षित राख्नुहुन अनुरोध छ,' दूतावासले भनेको छ।

यदि राहदानीको म्याद सकिएको छ वा तुरुन्त सकिन लाग्दै छ भने यथाशीघ्र राहदानी नवीकरणका लागि नेपाली दूतावास अबुधाबी तथा नेपाली महावाणिज्यदूतावास दुबईमा आवेदन दिनसमेत अनुरोध गरिएको छ।

क्रमशः पृष्ठ २ मा

# उपत्यकाको प्रदूषण 'अस्वस्थ' तहमा

**काठमाडौं (प्रस)–** काठमाडौं उपत्यकामा वायु प्रदूषण ह्वात्तै बढेको छ। पछिल्ला केही दिनयता मौसम धुम्मिँदै जाँदा वायु प्रदूषण पनि बढ्न थालेको हो।

वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले लामो समयसम्म वर्षा नहुनु र हावा नचल्नुका कारण मौसम धुम्मिदा प्रदूषण बढेको भन्दै वायु प्रदूषणको समयमा अनावश्यक बाहिर ननिस्कन र मास्कको प्रयोग गर्न आग्रह गरे। 'केही समययता उपत्यकालगायत मुलुकको अधिकांश स्थानमा मौसम सफा हुन सकेको छैन, घाम लागेको छैन र वर्षा पनि हुन सकेको छैन। हावा पनि चलेको छैन,' उनले भने, 'मौसम सफा भएसँगै प्रदूषण कम हुने छ, वायु प्रदूषण बढ्दा आवश्यक सतर्कता अपनाउन जरुरी छ।'

जल तथा मौसम विज्ञान विभागका मौसमविद् सञ्जीव अधिकारीले मंगलबारदेखि नै मौसममा सुधार आउने र तुवालो हटेर जाने बताएका थिए। मौसम सफा भएपछि मात्रै वायु प्रदूषण पनि कम हुने वातावरण विभागले जनाएको छ।

एयर क्वालिटी इन्डेक्स (एक्युआई) अनुसार मंगलबार ४:०० बजेसम्म काठमाडौं उपत्यकाको वायु गुणस्तर सूचकांक १७४ पुगेको थियो। यससँगै काठमाडौं विश्वकै दोस्रो प्रदूषित सहरका रूपमा सूचीकृत भएको छ।

वातावरणविद् भुषण तुलाधारले प्रदूषण नियन्त्रणका लागि समयमै पूर्वतयारी आवश्यक रहेको र व्यापक जनचेता जरुरी रहेको बताए। एक्युआईको मापदण्डअनुसार ० देखि ५० सम्म 'राम्रो' मानिन्छ भने ५१ देखि १०० सम्म 'सचेत रहनुपर्ने' श्रेणीमा पर्छ। १०१ देखि १५० 'अस्वस्थ' मानिन्छ, जसले विशेषगरी श्वासप्रश्वास तथा मुटुरोगीलाई असर गर्न सक्छ। १५१ देखि २०० 'सबैका लागि अस्वस्थ,' २०१ देखि ३०० 'धेरै अस्वस्थ' र ३०० भन्दा माथि 'अत्यन्त खतरनाक' मानिन्छ।

**पृष्ठ १ बाट क्रमशः**

## छिनोफानो हुँदै...

प्रत्यक्षतर्फ आफ्ना उम्मेदवार निर्वाचित गराउन सफल अन्य दुई दल श्रम संस्कृति पार्टी र राप्रपाले पनि तीन प्रतिशत मत कटाएका छन्। यी दुई दलले समान चार/चार सिट पाउने सम्भावना बलियो बनाएका छन्।

देशभर झण्डै एक करोड १० लाख समानुपातिक मत खसेको बताइएको छ। गणना अन्तिमतिर पुग्दै गर्दा दलहरूले प्राप्त गरेका मतको अनुपातलाई हेर्दा तात्विक भिन्नता नआउने देखिन्छ।

■■■

## यसरी बाँडफाँट...

नेपालमा समानुपातिक प्रणालीबाट सिटको टुंगो लगाउन प्रयोग गरिने सूत्र फ्रान्सेली गणितिज्ञ सेन्ट-लाग्यूले प्रतिपादन गरेको विधिमा आधारित छ। यस विधिमा सिट र मतको अनुपातका आधारमा सिट विभाजन गरिने हुँदा 'थ्रेसहोल्ड' कटाउने साना पार्टीहरू लाभान्वित हुँदै आएका छन्। तर, कुन पार्टीले कति सिट पाउने भन्ने विषयमा निर्वाचन आयोगको निर्णय नै अन्तिम हुन्छ।

पार्टीहरूले प्रतिनिधिसभामा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व गराउनुपर्ने अनिवार्य प्रावधान छ। प्रत्यक्ष प्रणालीबाट त्यो पूरा नभए समानुपातिक मनोनयनबाट त्यसलाई पूर्ति गर्नुपर्छ। समानुपातिकतर्फ सिंगो देशलाई एउटै निर्वाचन क्षेत्र मानेर मतदान गरिने व्यवस्था छ। मतदाताले पार्टीलाई भोट हाल्ने यस प्रणालीमा प्राप्त मतको अनुपातका आधारमा दलहरूले प्रतिनिधिसभामा सिट पाउने निर्वाचन आयोगले जनाएको छ। त्यसका लागि राजनीतिक दलहरूले पहिले नै निर्वाचन आयोगमा बन्दसूची बुझाएका हुन्छन्।

बन्दसूचीमा महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र र खस-आर्य समुदायको प्रतिनिधित्व प्रतिनिधिसभामा सुनिश्चित गर्नेगरी उम्मेदवारहरूको नामावली हुन्छ। अर्थात् समावेशी प्रतिनिधित्व अनिवार्य हुनेगरी संविधानतः दलहरूले बन्दसूची आयोगमा बुझाएका हुन्छन्। त्यसरी बुझाएको बन्दसूचीकै आधारमा समानुपातिक सांसद निर्वाचित गरिन्छ।

२०६४ सालदेखि नेपालमा प्रत्यक्ष निर्वाचन प्रणालीसँगै समानुपातिक निर्वाचन प्रणाली पनि कार्यान्वयनमा छ। त्यसअघि प्रत्यक्ष प्रणाली मात्रै थियो। राजनीतिको मूल प्रवाहमा आउन नसकेका जाति, लिंग र समुदायका मानिसहरूलाई नीति निर्माण तहमा प्रतिनिधित्व सुनिश्चित गर्न यस्तो व्यवस्था गरिएको हो।

■■■

## समानुपातिकबाट...

रास्वपाले १८२ सिट पाउने पक्का भएमा यही कूल सिटबाट ३३ प्रतिशत महिला सदस्य सहभागी गराउनैपर्छ। यसअनुसार रास्वपाले ६० जना महिलालाई प्रतिनिधिसभाको सदस्यमा लैजानुपर्छ। प्रत्यक्षमा १३ जना महिला निर्वाचित भइसकेको हुनाले ६० जनाबाट १३ घटाएर ४७ जना महिलालाई समानुपातिकतर्फबाट प्रतिनिधिसभामा लैजानैपर्छ।

कांग्रेसले समानुपातिकमा २० सिट पाएमा प्रत्यक्षमा जितेको १८ जोड्दा ३८ सिट पुग्छ। कांग्रेससहित राष्ट्रिय सभामा आफ्नो सदस्य भएको दलका लागि भने रास्वपाका लागिभन्दा केही फरक प्रक्रिया अपनाउनुपर्ने बताउँछन् संघीय संसद्का पूर्वसचिव राजेन्द्र फुयाल। प्रतिनिधिसभा निर्वाचन ऐन २०७४ को ६० को ४ मा यसबारे व्यवस्था गरिएको फुयालले बताए।

'उपदफा (२) र (३) बमोजिम दलले प्राप्त गर्ने सिट संख्या निर्धारण गरेपछि आयोगले त्यस्तो दलको तर्फबाट संघीय संसद्मा प्रतिनिधित्व गर्ने कूल सदस्य संख्याको ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुनेगरी समानुपातिक निर्वाचन प्रणालीतर्फबाट निर्वाचित गर्नुपर्ने महिलाको संख्यासमेत यकीन गरी सम्बन्धित दललाई जानकारी गराउनुपर्ने छ,' उक्त दफाको स्पष्टीकरणमा भनिएको छ, 'यस उपदफाको प्रयोजनका लागि 'संघीय संसद्' भन्नाले संविधानको धारा ८४ बमोजिम गठन हुने प्रतिनिधिसभा र धारा ८६ बमोजिम गठन हुने राष्ट्रिय सभा सम्झनुपर्छ।'

यसैले दुवै सदनमा भएको कूल सिटको महिला सांसदको संख्या जोडेर ३३ प्रतिशत आरक्षण परिपूर्ति गराउनुपर्ने विज्ञहरू बताउँछन्। यसरी हेर्दा प्रतिनिधिसभामा कांग्रेसबाट निर्वाचित कूल ३८ जनामध्ये एक जनामात्र महिला छन्। राष्ट्रिय सभामा कांग्रेसबाट २४ सदस्य छन्। तीमध्ये पाँच जना महिला सदस्य छन्। राष्ट्रिय सभाको २४ र प्रतिनिधिसभाको ३८ सदस्य जोड्दा ६२ सदस्य पुग्छ। यसअनुसार २१ जना महिला पुग्नुपर्छ। जसमा छ जना महिला सदस्य यसअघि नै रहेकाले अब कांग्रेसले १५ जना महिला समानुपातिकतर्फबाट प्रतिनिधिसभामा लैजानैपर्छ।

यता नेकपा एमालेले प्रत्यक्षमा नौ सिट जितेको र समानुपातिकमा १७ सिट पाएमा २६ सिट पुग्छ। यसरी निर्वाचित भएकामा कोही पनि महिला छैनन्। यता राष्ट्रिय सभामा एमालेबाट सात जना सदस्य भएकोले पाँच जना महिला सदस्य समानुपातिकबाट लैजानैपर्छ।

नेकपाबाट हाल राष्ट्रिय सभामा आठ जना महिला छन्। यसैले नेकपाले नौ सिट समानुपातिकबाट पाएमा चार जना महिलाको प्रतिनिधित्व गराउनैपर्ने देखिन्छ। श्रम संस्कृति पार्टीले कूल तीन सिट प्रत्यक्षमा पुरुष जितेको र समानुपातिक चार सिट पाउने भएकाले कम्तीमा तीन जना महिला प्रतिनिधित्व लैजानैपर्छ। यता राप्रपाले प्रत्यक्षमा एक सिट जितेको र समानुपातिक चार जना पाउने भएकाले कम्तीमा एक जना महिला समानुपातिकमा लैजानैपर्छ।

यसरी हेर्दा प्रतिनिधिसभामा ३३ प्रतिशत पुऱ्याउन ११० समानुपातिक सिटबाट कम्तीमा ७५ जना महिलाको प्रतिनिधित्व हुनैपर्ने छ। एक सिट भने तलमाथि हुनसक्ने बताइएको छ।

■■■

## मध्यपूर्वका...

विभिन्न मुलुकमा ८० जनाभन्दा बढी श्रमिक मिसाइल आक्रमणमा परेर घाइते भएका उल्लेख गरिएको छ। मध्यपूर्वका १२ वटा मुलुकमा १७ लाखभन्दा बढि नेपाली कार्यरत रहेको सरकारी तथ्यांक छ।

### संगठनका सात सुझाव

हस्ताक्षर गर्ने संगठनका साथै गन्तव्य देश र मूल देशका सरकार, रोजगारदाता, भर्ना प्रक्रियामा संलग्न पक्ष र अन्तर्राष्ट्रिय संस्थाहरूलाई आप्रवासी कामदारको सुरक्षाका लागि गल्फमा मजदुर न्यायका लागि बनेको गठबन्धनले तत्काल निम्न कदम चाल्न माग गरेको छ।

१) युद्धमा संलग्न सबै पक्षले शत्रुता रोकेर अन्तर्राष्ट्रिय मानवीय कानुन र मानवअधिकारको सम्मान गर्नुपर्ने।
२) गन्तव्य मुलुकले पूर्वसूचना प्रणाली, बम सेल्टर तथा सुरक्षा पूर्वाधार र मानवीय सहयोग सबै व्यक्तिहरूका लागि समानरूपमा पहुँचयोग्य बनाउनुपर्ने। दूतावासहरूले आप्रवासी समुदायले बुझ्ने भाषा र माध्यमबाट आपत्कालीन सेवाहरूको जानकारी प्रदान गर्नुपर्ने।
३) गन्तव्य र स्रोत मुलुकका सरकारले द्वन्द्वप्रभावित मुलुकबाट देश छाडेर जाने आप्रवासी कामदारलाई तुरुन्तै सुरक्षित र निःशुल्क स्वदेश फिर्तीका लागि सहजीकरण गर्नुपर्ने। रोजगारदाताले काम छोड्न चाहने कामदारको बक्यौता र क्षतिपूर्ति तुरुन्त भुक्तानी गर्नुपर्ने।
४) गन्तव्य देश र रोजगारदाताले कामदारको संगठनको स्वतन्त्रता र गन्तव्य वा मूल देशमा उनीहरूको संगठनमा पहुँच गर्न सक्ने क्षमतामा हस्तक्षेप गर्न नहुने।
५) घरेलु कामदारको सूचना, स्रोत, स्वदेश फिर्ती, लैंगिक असमानता र यौन दुर्व्यवहारबाट संरक्षण सुनिश्चित गर्न विशेष उपायहरू अपनाउनुपर्ने।
६) गन्तव्य देशले आप्रवासी कामदारलाई आवतजावतमा स्वतन्त्रता, आधार भूत श्रमअधिकार र न्यायमा पहुँच सुनिश्चित गर्न भिसामा कडाइ र एक्जिट पर्मिटको आवश्यकता तुरुन्त खारेज गर्नुपर्ने।
७) सरकारले आपत्कालीन वित्तीय सुरक्षा प्रणाली लागू गरेर ज्याला चोरीमा संलग्न रोजगारदातालाई दण्डित गर्नुपर्ने।

■■■

## युएईका...

'कुनै पनि सेवाका लागि दूतावास तथा कन्सुलेट कार्यालयहरू आउँदा आफ्नो र आफू बसेको ठाउँको सुरक्षा स्थिति मध्येनजर गरी, स्थानीय सूचना तथा सुरक्षा मापदण्डहरू पालना गरेरमात्र सोहीअनुसार आउन अनुरोध छ,' दूतावासको सूचनामा थप भनिएको छ। इजरायल-इरानबीचको द्वन्द्वले मध्यवपूर्व क्षेत्र प्रभावित बनेसँगै त्यहाँ रहेका नेपालीहरूको सुरक्षाका लागि दूतावासले निरन्तर सूचनामार्फत सतर्क गराउँदै आएको छ।

# निर्वाचनमा खटिएका कर्मचारीप्रति आभार प्रकट

**काठमाडौं (प्रस)–** कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले प्रतिकूल अवस्थामा पनि निर्वाचन सम्पन्न गराउन खटिने राष्ट्रसेवक कर्मचारीप्रति आभार व्यक्त गरेका छन्।

निर्वाचन सम्पन्न गराउन विभिन्न निकायबाट आयोगमा काजमा खटी आएका कर्मचारीको बिदाइ समारोहलाई मंगलबार सम्बोधन गर्दै उनले भदौ २७ गते राष्ट्रपतिले फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन घोषणा गर्दा निर्वाचन हुन्छ र ? भन्ने प्रश्न आमरूपमा भए पनि छ महिनाबीचमा सम्पन्न गराउन सहयोग गर्ने सबैलाई आभार प्रकट गरे।

'भदौ २३ र २४ गतेको घटनापछि सुरक्षा पेचिलो विषय थियो, निर्वाचन घोषणा भएको एक महिनासम्म पनि दलहरू एक ठाउँमा बस्न सक्ने अवस्था थिएन, आयोगले नै दलहरूलाई एकै ठाउँमा राखेर संवाद आरम्भ गराएको थियो,' उनले भने, 'आजको परिणाम ल्याउन हामी सफल भएका छौं।' निर्वाचन सम्पन्न गरेर राष्ट्रपतिलाई प्रतिवेदन बुझाउने तयारीमा आयोग रहेको उनले जानकारी गराए।

आयोगका सचिव कृष्णबहादुर राउतले विभिन्न निकायबाट काजमा खटिई आएका कर्मचारीको 'टिमवर्क'ले तोकिएको समयमा निर्वाचन सम्भव भएको बताए। निर्वाचनमा खटिएका सबै राष्ट्रसेवक कर्मचारीकै कारण २३ हजार ११२ मतदान केन्द्र र १४३ वटा अस्थायी केन्द्रमा कुनै सामान्य खालका समस्या नभई निर्वाचन सम्पन्न भएको उनको भनाइ थियो।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रोपटक प्रकाशित मिति : २०८२/११/२७ गते**

यस कम्पनीको मिति २०८२/१०/२० को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **नेवार हेरिटेज एण्ड इन्टरप्राईज काउन्सील प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/११/१४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **नेवा हेरिटेज एण्ड इन्टरप्राइज काउन्सील प्रा.लि. (प्रा.लि.नं. ३६८९०१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।

## मोटरसाइकल हराएको सूचना

मिति २०८२।११।१७ गते का.जि.ता.न.पा ०८, डाँडागाउँ मा पार्किङ गरी राखिएको अवस्थामा कालो, रातो रङ्को पल्सर २२० सि.सि. मोटरसाइकल साँझको अन्दाजी ६:४५ बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु।

**सवारी धनीको नाम : शालिकराम रिमाल**
**बाइक नं.: बा.प्र. ०२- ०६४ प ६५४८**
**च्यासिस नं.: MD2A13EX15TCK80200**
**इन्जिन नं. : DKXCSJ 10339**
**ठेगाना : नुवाकोट, देवीघाट**
**सम्पर्क नं. ९८४१५८०६६२**

## मोटरसाइकल हराएको सूचना

मिति २०८२।११।०८ गते का.जि.का.म.न.पा ०८, राम मन्दिर मा पार्किङ गरी राखिएको अवस्थामा कालो, रातो रङ्को पल्सर १५० सि.सि. मोटरसाइकल साँझको अन्दाजी ६:४५ बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु।

**सवारी धनीको नाम : हशंराज हुलासचन्द एण्ड कम्पनी**
**ऋणीको नाम : विकाश आचार्य**
**बाइक नं.: बा.प्र. ०२- ०६३ प ५९२२**
**च्यासिस नं.: MD2A11CX3SPG82346**
**इन्जिन नं. : DHXPSG 32242**
**ठेगाना : रुकुम पश्चिम, चौरजहारी न.पा वडा नं.१**
**सम्पर्क नं. ९८४८०१९७५०**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०८/१६ मा दर्ता भएको **प्रा. लि. नं. २७८५३२/०७८/०७९** को **एम. सि. एम. डान्सिङ प्रा. लि.** को मिति २०८२/१०/२७ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटर: कुमार गुरुङ, इजाजत पत्र नं. ५२१, त्रिपुरेश्वर, काठमाडौं, ९८४१८६१६३०**


## जापानमा रोजगार

**Company: ASIA JAPAN COOPERATIVE, JAPAN**

१. पुर्व स्विकृति मिति: 2026/03/10 चलानी नं. 60253278 LT No. 339853

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब YEN | मासिक तलब N. Rs. | ओभर टाइम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्नेदिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Care Giver | 0 | 2 | सम्बन्धित कामका दक्ष | 200000 | 186450 | क.नी. अनु-सार | ८ घण्टा | ६ दिन | क.नी. अनु-सार | छैन | छ | ३ वर्ष |

२. पुर्व स्विकृति मिति: 2026/03/10 चलानी नं. 60253279 LT No. 339854

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब YEN | मासिक तलब N. Rs. | ओभर टाइम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्नेदिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Care Giver | 0 | 2 | सम्बन्धित कामका दक्ष | 200000 | 186450 | क.नी. अनु-सार | ८ घण्टा | ६ दिन | क.नी. अनु-सार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैं | रोजगारदाता कम्पनीले | रु.१५०० कामदार आफैं |

**कामदारको न्युनतम योग्यता र काम गरेको अनुभव: क) नेपाली नागरीक हुनुपर्ने।**
**ख) सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा २ बर्ष काम गरेको अनुभव हुनुपर्ने।**
**दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
**क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी। ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपी। ग) अनुभवको प्रमाणपत्र।**
**१. दरखास्त बुझाउनुपर्ने स्थान र अन्तिम मिति: यस प्रा. लि. को कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र।**
**२. कामदारले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा, तथा प्रबर्द्धन खर्च समेतको) कुल खर्च: 50000**
**३. छनौट गर्ने तरिका, मिति र स्थान, छनौट तरिका:**

**अन्तरवार्ता: यस प्रा.लि. को कार्यालयमा 2082/12/04 गते ( 18 March 2026) हुनेछ।**

नोट: वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासि, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवम् दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यक्तिलाई नेपाल सरकारले तोक वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस्। आफुले बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोस्। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस्। ३. यस विज्ञापन सूचनामा उल्लेख भए भन्दा वढी रकम कसैलाई नदिनुहोस्। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम अनिवार्य लिनुहोस्। ५. अनिवार्य रुपमा विमा गराउनुहोस्। ६. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस्। सो को १ प्रति आफुसँग राख्नुहोस्। ७. श्रम स्वीकृतीविना वैदेशिक रोजगारीमा नजानुहोस्। वैदेशिक रोजगारीमा जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोस्। वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस्। इजाजतप्राप्त रोजगार प्रा. लि. मा गई आवश्यक कुरा बुझ्नुहोस्। अन्यथा ठगिने सम्भावना हुन्छ। ८. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क गर्नुहोस्। ९. काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस्। १०. काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस्। ११. करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस्। **द्रष्टब्य: यस विषयमा थप केही कुरा बुझ्नुपरेमा यस प्रा. लि. मा सम्पर्क गर्न सक्नु हुनेछ।**

**INTERNATIONAL PLACEMENT SERVICES PVT. LTD.**
**Kalanki-13, Ktm. Phone: 01-4958728 LIC.NO. 424/060/061**


## बिमालेख हरायो

मिति २०८२/१०/२० गते कलंकीदेखि थानकोटसम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरु साथै सक्कली बीमा अभिलेख प्रमाणपत्र हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु।

**नाम : Rita Adhikari**
**बिमालेख नं.: 160007615**
**कम्पनी : Life Insurance Corporation (Nepal) Ltd.**
**ठेगाना : Kalanki, Kathmandu, Nepal**
**सम्पर्क नं : 9845122848**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०७८/११/२७ मा दर्ता भएको प्रा.लि.नं. २८६२१४ को **बि.आर.एस. मल्टिमिडिया एण्ड रिसर्च प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/११/२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०७९।०५।२२ मा दर्ता भएको प्रा.लि.नं. २९८५०३ को **अनुश्रिया गुप्ता कृषि जडिबुटी** नामक कम्पनीले १३६ क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

## दाबी विरोध सम्बन्धी
## वैदेशिक रोजगार विभाग, काठमाडौंको सूचना

**प्रकाशित मिति: २०८२/११/२७**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **LANDMARK MANPOWER SOLUTION PVT. LTD.** (ई.प.नं. **762/064/065**) ले यस विभाग समक्ष संस्थाको रजिष्टर्ड कार्यालयको ठेगानालाई तपसिल बमोजिम स्थानान्तरण गरि पाउँ भनि निवेदन दिएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन गर्दा कोहि कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस वैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा उजुरी र निवेदन पेश गर्नु हुन मिति २०८२/११/२६ को निर्णयानुसार अनुरोध छ। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**तपसिल**

| साविक ठेगाना | अब कायम हुने नयाँ ठेगाना |
|---|---|
| काठमाडौ जिल्ला, काठमाडौ महानगरपालिका वडा नं- ३ | काठमाडौं जिल्ला, काठमाडौ महानगरपालिका वडा नं.- ४ |

## खुम्बु पासाङल्हामु गाउँपालिका
**Khumbu Pasanglhamu Rural Municipality**
गाउँ कार्यपालिकाको कार्यालय, चौरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल
Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province, Nepal

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**Date of publication: 2082-11-27 (11th March, 2026)**

यस कार्यालयबाट मिति 2082/10/13 मा www.bolpatra.gov.np/egp मार्फत बोलपत्रहरु आव्हान सम्बन्धी सूचना अनुसार रितपूर्वक अनलाईन पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारिस भई आए बमोजिम, सार्वजनिक खरिद ऐन, 2063 को दफा 27 (1) को प्रयोजनार्थ जानकारी गराइन्छ। साथै सार्वजनिक खरिद ऐन 2063 को दफा 27 (2) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| IFB No. | Description of Work | Bidder Selected | Amount (Including VAT & P.S) | Remarks |
|---|---|---|---|---|
| 30/NCB/WORKS/BLDG/KPLRM/2082-83 | Tenzing Hillary Airport Beautification kplrm-02, Solukhumbu | Dudhkoshi River Construction and suppliers pvt. Ltd. | 2,450,897.81 | |

**प्रमुख प्रशासकिय अधिकृत**

## ईशनाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**औरैया, रौतहट**
**मधेश प्रदेश, नेपाल**

## आशयको सूचना

**प्रकाशित मिति : २०८२/११/२७**

यस कार्यालयबाट मध्यान्ह राष्ट्रिय दैनिकमा मिति २०८२/१०/०९ मा प्रकाशित सूचना अनुसार यस न.पा. को देहायका बोलपत्रहरू बोलपत्र मुल्यांकन समितिबाट मुल्यांकन हुँदा तपसिलका बोलपत्र खरिद कर्ताहरूले पेश गरेको बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २५ को उपदफा ७ बमोजिम न्युनतम मुल्यांकित सारभूत रूपमा प्रभावाग्राही देखिएको हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा १ बमोजिम स्वीकृत गर्नका लागि सोहि ऐनको २७(२) बमोजिम यो आशयको सूचना जारी गरिएको छ। यस सूचनामा चित नबुझ्ने कुनै बोलपत्रदाता भएमा ऐनको दफा ४७ को उपदफा १ बमोजिम आशयको सूचना जारी भएका मितिले ०७ दिन भित्र पुनरावलोकनका लागि निवेदन पेश गर्नुहुन अन्यथा उक्त ऐनको दफा २७ को उपदफा ३ बमोजिम बोलपत्र स्वीकृत हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | बोलपत्र दाताको नाम | बोलपत्र नं. |
|---|---|---|
| १ | श्रीराम निर्माण सेवा डुमरिया परोहा ईशनाथ न.पा.-०९, रौतहट | Ishnath/NCB/School/Building/Auraiya/2082/2083-2 |
| २ | अव्धांश बिल्डर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि. गौर न.पा.-०२, रौतहट | Ishnath/NCB/School/Building/Mathiya/2082/2083-3 |
| ३ | जे.के. बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. कागेश्वारी मनोहरा काठमाडौँ | Ishnath/NCB/School/CompoundWall/Gate/Auraiya/2082/2083-4 |

**महमद नवाज हुसैन**
**प्रमुख प्रशासकीय अधिकृत**

# भाषा आयोगका सदस्य मानन्धरको निधन



**काठमाडौं (प्रस)–** भाषा आयोगका सदस्य एवं नेपालभाषा टाइम्सका पूर्वसम्पादक, साहित्यकार सुरेश किरण मानन्धरको निधन भएको छ। उनको सोमबार साँझ ५९ वर्षको उमेरमा निधन भएको हो।

उनका परिवारका सदस्यले दिएको जानकारीअनुसार मानन्धरलाई अकस्मात हृदयघातसँगै शिक्षण अस्पतालको मनमोहन कार्डियाक सेन्टरमा लगिएको थियो। अस्पताल पु¥याएको केही समयपछि नै चिकित्सकहरूले उनलाई मृत घोषित गरेको थियो।

उनी 'इनाप' साप्ताहिकबाट पत्रकारितामा संलग्न भए र पछि 'विश्वभूमि' दैनिक प्रकाशनबाट पूर्णकालीन पत्रकारका रूपमा काम गरेका थिए। पछि सन्ध्या टाइम्स दैनिक र त्यसपछि नेपाल भाषा टाइम्स दैनिकमा सम्पादक भएर काम गरे। 'अप्सरा' फिल्म म्यागेजिन, 'कोशल्वहं' कविता त्रैमासिक पत्रिका, नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशन हुने 'थाय्भु' लगायतका पत्रपत्रिकाको सम्पादक मण्डलमा बसी उनले केही समय काम गरे।

उनले वि.सं. २०४६ मा जनआन्दोलनको समयमा प्रहरीको कडा घेराभित्र वीर अस्पतालमा भर्ना भइरहेका जनआन्दोलनका कमाण्डर गणेशमान सिंहसँग साथी सुजिव बज्राचार्यसँगै डाक्टरको भेषमा गई अन्तर्वार्ता लिएका थिए। जुन धेरै चर्चित भएको थियो। स्व. मानन्धरको 'नेपालभाषा आन्दोलन,' 'नेपाल संवत् आन्दोलन,' नेवाः संस्कृतिका साथसाथै विविध विषयमा नेपालभाषा र नेपालीमा लेख रचना प्रकाशित छ। उनले गोरखापत्रलगायत विभिन्न पत्रपत्रिका तथा अनलाइनमा स्तम्भकारका रूपमासमेत लेख रचना लेख्नुका साथै नेपालभाषाका पत्रपत्रिकामा व्यंग्यकारका रूपमासमेत लेख लेख्दै आएका थिए।

स्व. मानन्धरको 'थौं घन्टाघरं जिके ई न्यनाच्वन' (आधुनिक कविता संग्रह), 'पद्मरत्न तुलाधर' (नेपाल भाषाका अग्रजका साथसाथै मानवअधिकारवादी पद्मरत्न तुलाधरको जीवनी) प्रकाशित भएको छ। साथसाथै उनको सोधपत्र '२०४६ साल जनआन्दोलनय् विश्वभूमि न्हिपौया भूमिका' समेत प्रकाशित छ। उनले डा. अजयक्रान्ति शाक्य र सन्ध्या बज्राचार्यसँग मिलेर 'इन्द्रजात्रा'/'यँयाः' पुस्तकसमेत लेखेका छन्।

स्व. मानन्धरको आज (बुधबार) बिहान काठमाडौं इन्द्रयणी घाटमा अत्येष्टि गरिने जानकारी परिवारले दिएको छ। वि.सं. २०२३ कात्तिकमा जन्मिएका मानन्धरका श्रीमती र दुई छोरा छन्।

# 'इजरायल पश्चिम एसियामा शान्ति चाहन्छ'




**काठमाडौं (प्रस)–** इजरायलले नेपालमा प्रतिनिधिसभा निर्वाचन सफलतापूर्वक सम्पन्न भएकोमा नेपाल सरकार र नेपाली जनतालाई बधाइ दिएको छ।

नेपालका लागि इजरायली राजदूत श्मुलिक एरी बासले मंगलबार यहाँ 'नयाँ पश्चिम एसियामा नव प्रभात' विषयमा पत्रकार सम्मेलन गरेर नेपालसँगको द्विपक्षीय मैत्री र सहकार्य अझ सुदृढ बनाउने इजरायलको इच्छा व्यक्त गरे। साथै, उनले सम्पन्न निर्वाचनलाई लोकतन्त्र सुदृढ पार्ने महत्त्वपूर्ण कदमका रूपमा वर्णन गरे।

इजरायली राजदूतले इजरायल पश्चिम एसियामा शान्ति चाहने र सम्पूर्ण क्षेत्रको शान्ति र प्रगतिका लागि आफ्ना सबै छिमेकी देशसँग वार्ता गर्न तयार रहेको बताए। उनले आफ्नो देशलाई हिज्बोल्लाह र हमासजस्ता कट्टरपन्थी समूहहरूले बारम्बार आक्रमण गरेका तथा ती समूहलाई इरानले वित्तीय तथा अन्य सहयोग गरेको आरोप लगाए।

इजरायलले ती अतिवादी समूहका कारण आफ्नो अस्तित्व संकटमा परेकाले आत्मरक्षाका निम्ति प्रतिकार गर्दै आएको स्पष्ट पार्दै उनले जारी हवाई हमलामा इजरायलले इरानी नागरिकलाई लक्षित गर्न नचाहेको बताए। उनले भने, 'संयुक्त राज्य अमेरिका र इजरायलद्वारा गरिएका हवाई आक्रमण इरानको आणविक खतरालाई निष्प्रभावी बनाउने उद्देश्य हो। यो पश्चिम एसिया मात्र नभई विश्वव्यापी सुरक्षासँग जोडिएको विषय हो।'

# स्वास्थ्यमन्त्रीसमक्ष प्रतिवेदन पेस

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्यामन्त्री डा. सुधा गौतमसमक्ष मन्त्रालय र मातहतका निकायहरूको सार्वजनिक खरिद व्यवस्थापनलाई थप पारदर्शी, मितव्ययी र नतिजामुखी बनाउन गठित उच्चस्तरीय कार्यदलले प्रतिवेदन बुझाएको छ।

मंगलबार मन्त्रालयमा आयोजित कार्यक्रममा कार्यदलले प्रतिवेदन मन्त्रीसमक्ष बुझाएको मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले जानकारी दिए। प्रतिवेदनमा खरिद गुरुयोजना, इजिपीको पूर्णकार्यान्वयन र मन्त्रालयमा खरिद गरिएका उपकरणहरूको कम्तीमा पाँच वर्षको मर्मतसम्भार सम्झौता अनिवार्य गर्नुपर्नेजस्ता कुरा समेटिएको मन्त्रालयका प्रवक्ता डा. बुढाथोकीले जानकारी दिए।

प्रतिवेदन बुझ्दै मन्त्री डा. गौतमले प्रतिवेदनमा समेटिएका सुझावहरूलाई कार्ययोजना बनाएर तत्काल कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त गरिन्। उनले स्वास्थ्य क्षेत्रको खरिद प्रणालीमा रहेका विगतका समस्यालाई समाधान गरी नागरिकले पाउने स्वास्थ्य सेवाको गुणस्तरमा ठूलो परिवर्तन ल्याउने अपेक्षा गरिएको बताइन्।

## अरुण वनस्पती उद्योग लिमिटेड

**दुहबी, सुनसरी**

### बार्षिक साधारण बस्ने बारेको सूचना

यस कम्पनीका शेयरधनीहरुको ३५ औं वार्षिक साधारणसाभा निम्नलिखित मिति, स्थान र समयमा बस्ने भएको हुँदा शेयरधनी महानूभावहरुको उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८२/१२/२७ गते (१० अप्रिल २०२६) शुक्रबार
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, दुहवी, सुनसरी
समय : दिनको २ बजे

**छलफलका विषयहरु :**

**सामान्य प्रस्ताव**

१. संचालक समितिको प्रतिवेदन।
२. लेखा परिक्षकको प्रतिवेदनसहित २०८२ असार मसान्तको वासलात, आ.व. २०८१/०८२ को नाफा नोक्सान तथा नगद प्रवाह विवरण माथि छलफल गरी पारित गर्ने।
३. आगामी आ.व. २०८२/०८३ का लागि लेखापरिक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने।
४. संचालक प्रतिनिधित्व बारे।
५. विविध।

**कम्पनी सचिव**
**अरुण वनस्पती उद्योग लिमिटेड**

**(सम्पर्क नं.: बिदाको दिन बाहेक दिउंसो १२ बजे देखि अपरान्ह ४.०० बजे भित्र मोबाईल नं ९८५२०२२७७२ मा)**

## Shivasatakshi Municipality
## Office Of The Municipal Executive
**Jhapa, Nepal**

### Re-Invitation for Bids

**Invitation for Bids No: 19/SM/NCB/Cons/2082/083(RE)**

**Second Date of publication: 2026/03/11 (2082/11/27)**

1. Shivasatakshi Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of infrastructure work at satashidham and beautification of domukha tourism area under National Competitive Bidding procedures.

| Contract Identification No | Name of Procurement | Estimated Amount (without VAT & Contingency) | Bid Document Fee (NRs.) | Bid Security (NRs) |
|---|---|---|---|---|
| 19/SM/NCB/ Cons/2082/083(RE) | Construction of Infrastructure work at Satashidham and Beautification of Doumukha Tourism Area | 43,24,638.71 | 3000.00 | 1,30,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Shivasatakshi Municipality, Jhapa, Phone No: 023470323 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder must download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np.egp,. Bidders must submit their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank: Name of the Bank: **Nepal Investment Mega Bank Nepal Ltd, Byangdada Branch**

   Name of the Office: **Shivasatakshi Municipality**

   Office Account no. (Rajaswa Khata): **29601400000017**
4. Pre-bid meeting shall be held at 2026/03/23 (2082/12/09) at 8.00 A.M. on Technical Department of Shivasatakshi Municipality.
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12.00 P.M. on 2026/03/25 (2082/12/11). Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2.00 P.M. on 2026/03/25 (2082/12/11) at the office of Chief Executive Officer of Shivastakshi Municipality. Bids must be valid for a period of 90 Days after bid opening and must be accompanied by scanned copy of the bid security in .pdf format, which must be deposited to Dharauti Account No: 29601400000048 on the behalf of Shivasatakshi Municipality at Nepal Investment Mega Bank Limited, Byangdada Branch amounting to a minimum of as stated above in bullet no 1, or bid bond authorized from a recognized "A" class commercial or financial institution eligible to issue bank guarantee as per prevailing law of Nepal. The Bid security amount stated above shall be valid for 30 days beyond the validity period.
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the lastdate. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bid should comply in all respects with the instruction to Bidder included in the bid document no compliance with this instruction shall result in disqualification.
9. All the other condition of bidding process will be as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064.
10. Shivasatakshi Municipality reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**


## ABSOLUTELY ZERO COST RECRUITMENT Opportunity for Malaysia !!
## पूर्णतया शून्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारीको अवसर !!

**Free Visa, Free Ticket from Kathmandu to Malaysia, Free Bio-Medical, Free Service Charge, Free Transportation (after selection) Free Passport Cost, Free Lodging and Meals (after selection).**
निःशुल्क भिषा, निःशुल्क हवाइ टिकट काठमाडौं देखि मलेसियासम्म निःशुल्क स्वास्थ्य जाँच, सेवा शुल्क निःशुल्क, निःशुल्क यातायात (छनौट पश्चात), निःशुल्क आवास र खाना (छनौट पश्चात), निःशल्क राहदानी शुल्क।

**रोजगारदाताको विवरण। Employer's Information:**

**Employer Company's Name: MONDELEZ MALAYSIA SDN BHD**
**रोजगारदाता कम्पनीको नामः मोन्डेलेज मलेसिया एस डि एन. बि एच डि.**
**Employer Company's Address/Job Site: Jalan Perusahan**
**रोजगारदाता कम्पनीको ठेगाना/काम गर्ने स्थानः जलन पेरूसाहन**

| पुर्व स्वीकृति मिति : २०८२/११/२५ Pre Approval Date: 2026-03-09 | चलानी नं.: ६०२५३२६६ Reference No: 60253266 | LOT NO. 339896 |
|---|---|---|

| सि.न | Post for Migrating Worker कामदारको पद | Total No. of Demand (male) माग संख्या पुरुष | Total No. of Demand (Female) माग संख्या महिला | Minimum Requirement न्यनतम योग्यता | Monthly Basic Salary मासिक तलब QR | Monthly Basic Salary मासिक तलब ने.रु | Overtime Facility ओभरटाइम सुविधा | Working Hour per Day प्रति दिन काम गर्ने घण्टा | Working Days per Week हप्तामा काम गर्ने दिन | Yearly Leaves वार्षिक बिदा | Food Facility खाना सुविधा | Accomodation Facitlity बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Manufacturing Worker मेन्युफ्याक्चरिङ वर्कर | 20 २० | 0 0 | Proficient in reading/ writing/ speaking/ understanding English with +2 passed अंग्रजीमा राम्रोसंग पढ्न, बोल्न, लेख्न र बुझ्न सक्ने तथा +2 पास गरेको हुनुपर्ने | 1700 १७०० | 63355 ६३३५५ | As per Malaysian Labour Law मलेसिया श्रम कानुन अुसनर | 7.5 Hrs ७.५ घण्टा | 6 Days ६ दिन | As per Company rules क.नि अनुसार | No छैन | Yes छ | 2 Years २ वर्ष |

Employment Terms and Conditions /रोजगार नियम र सर्तहरुः
1. Nature of Job: General Worker in Manufacturing sector.
   काम को प्रकृतिः उत्पादन क्षेत्रमा औद्योगिक कामदार
2. Overtime shall be voluntary. Overtime Payment Calculated as
   ओभरटाइम स्वेच्छिक हुनेछ । ओभरटाइम भुक्तानी गणना
   i) on Normal Days: Salary * 1.5 / सामान्य दिनमा * तलब १.५
   ii) on Sundays/rest days: Salary * 2.0 / आइतबार/ विश्राम दिनः तलब * २.०
   iii)on Public Holidays: Salary *3.0 / सार्वजनिक बिदामा तलब ८ ३.०
3. Rest Day:One day in a week in accordance to labor law in Malaysia.
   विश्राम दिन मलेसियाको श्रम कानून अनुसार हप्तामा एक दिन ।
4. Public Holiday: Paid Holiday for atleast 11 public holidays in any one year of service in accordance to labor law in Malaysia.
   सार्वजनिक बिदाः मलेसियाको श्रम कानून बमोजिम सेवाको कुनै एक वर्षमा कम्तिमा ११ सार्वजनिक बिदाको लागि भुक्तान गरिएको बिदा।
5. Annual Leave:8 days for first two years of service.
   वार्षिक बिदाः सेवाको पहिलो दुई वर्षको लागि ८ दिन।
6. Sick Leave/ farem farar
   i)Without Hospitalization: 14 days sick leave for each year of service for less than 2 years.
   अस्पतालमा भर्ना बिना २ वर्ष भन्दा कम सेवाको प्रत्येक वर्षको लागि १४ दिन बिरामी बिदा ।
   ii) Incase of Hospitalization:60 days sick leave in each calender year.
   अस्पताल भर्ना भएको अवस्थामाः प्रत्येक पात्रो वर्षमा ६० दिन बिरामी बिदा ।
7. Medical and Accident Insurance: Under the current Social Security Organization (SOCSO) and if applicable, the Foreign Workers Health Insurance Scheme or any other insurance scheme as may be adopted by the Government of Malaysia which will be insured by employer.
   हालको सामाजिक सुरक्षा संस्था (SOCSO) अन्तर्गत बीमा र यदि लागु हुन्छ भने, विदेशी कामदार स्वास्थ्य बीमा योजना (SPIKPA) वा मलेसिया सरकारले अपनाएको कुनै अन्य बीमा योजना जुन रोजगारदाताद्वारा गरिनेछ ।
8. Right to freedom of association and collective bargaining will be respected.
   संघको अधिकार र सामुहिक बार्गेनिङलाई सम्मान गरिनेछ।
9. Right to freedom of Religion.
   धर्मको स्वतन्त्रताको अधिकार।
10. Right to Freedom of Movement and allowed to repatriate without any Deposits.
    आवतजावतको स्वतन्त्रताको अधिकार र कुनै पनि निक्षेप बिना स्वदेश फिर्ता गर्न अनुमति ।
11. Incase of Repatriation and Early Termination, Employer shall bear the cost of Transportation from Malaysia to Nepal.
    स्वदेश फिर्ता भएमा र प्रारम्भिक समाप्ति भएमा, मलेसियाबाट नेपालसम्मको यातायात खर्च रोजगारदाताले बहन गर्नेछ।

| Domestic Medical borne by whom and how much does it cost स्वदेशमा गर्ने मेडिकल शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | Abroad Medical cost borne by विदेशमागर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | Domestic Foreign terminal insurance borne by whom & how much does it cost स्वदेशमा गर्ने म्यादि जीवनविमा कस्ले व्यहोर्ने र कति लाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the premium cost रोजगारमाविमाहुने नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air fare will borne by whom and how much does it cost कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | Visa fee will borne by भिषा शुल्क कस्ले व्यहोर्ने | Visa Stamping cost will be borne by भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | Orientaion cost will borne by and how much अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | Management of Welfare fund कल्याणकारी कोष सम्वन्धि व्यवस्था | Rate of service Charge and who will borne सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाता रोजगारदाताले व्यहोर्ने | By Eployer Age 18-35= 3708 Above 35 age= 4931 रोजगारदाताले व्यहोर्ने उमेर १८-३५= ३७०८ ३५ वर्ष माथि= ४९३१ | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोने | By Employer रोजगारदाताले व्यहोने | By Employer रोजगारदाताले व्यहोर्ने |

फाइनल अन्तर्वार्ता ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को महाराजगञ्ज काठमाडौं, कार्यालयमा मिति २०८२ चैत्र ४ गते हुनेछ ।
**Interview will be conducted at the premises of Trust Nepal Overseas, Maharajgunj Kathmandu on 18th Mar, 2026.**
**' Working experience in Malaysia confectionary and biscuit factory will be given highly priority '**
मलेसिया स्थित चक्लेट तथा बिस्कुट कारखानामा काम गरेको अनुभविलाई विशेष प्राथमिकता दिइनेछ ।

ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । वैदेशिक रोजगारमा जाने कामदारहरूबाट यस प्रा.लि. ले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने जबरजस्ती बचत गर्नु नपर्ने, कुनै बन्धन नहुने र नगद जम्मा गर्नु नपर्ने ।

**Trust Nepal Overseas Pvt. Ltd. does not have any branch or mediator representative. It is a non–fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions,no forced savings, no bonds, no cash deposits or any form of fees.**

**Note:** (नोट)
1. **This is an absolutely zero–cost recruitment. Thus, the applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.**
१. यो पूर्णतया शून्य लागत अन्तर्गतको रोजगारी हो । यसकारण, आबेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) बिना सिधा आवेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
2. **This recruitment will be conducted adhering to freely chosen employment policy without any form of biasness or discrimination.**
२. यो भर्ती कुनै पनि प्रकारको पूर्वाग्रह वा भेदभाव विना स्वतन्त्ररूपमा रोजेको रोजगार नीतिको पालना गरि सञ्चालन गरिनेछ ।

ठगहरूबाट साबधान रहनुहोस्/**Beware of Swindlers**

कृपया धोखाधडी, अबैध क्रियाकलाप वा भ्रष्टाचार बिरूद्ध ट्रष्ट नेपालको हेल्पलाइन नं ९८०२०२१३६१ मा वा इमेल ***tnocomplaint@trustnepal.com*** मा प्रतिशोध तथा धम्कीको डर विना रिपोर्ट गर्न नहिचकिचाउनुहोस् । हामी तपाईको गोपनीयता सुनिश्चित राख्नेछौं ।
**Feel free to report against fraud, illegal activities or corruption in Trust Nepal's Helpline +9779802021361 or email at tnocomplaint@trustnepal.com without fear of reprisal or intimidation. We shall maintain confidentiality of the complainant/whistle blower.**

**वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :-** १. जापनो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन न हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**Information provided by the Department of Foreign Employment (DOFE):** 1. Confirm that visa is issued under your name. 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble. 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement. 4. Before going abroad orientation or induction training should be atten ded compulsorily. 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same. 6. While going abroad use International Airport of Nepal or else you might be deceived. 7. If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

Trust Nepal Overseas (P.) Ltd.
We are an eithical and responsible recruitment agency.

**ट्रष्ट नेपाल ओभरसिज प्रा.लि.**
**Trust Nepal Overseas Pvt. Ltd.**
चप्पल कारखानाचोक, महाराजगन्ज, काठमाडौं, नेपाल, Chappalkarkhana, Maharajgunj, Kathmandu, Nepal
फोन: ४३७७१९०/४३७७१९६ फ्याक्स ९७७ १ ४३७९५८८,
Ph. No. 4377190/4377196, Fax No. 977 1 4379588, Email: info@trustnepal.com Hotline No. 9802021361
**पहिलो आउनेलाई पहिलो प्राथमीकताको नियम अर्न्तगत फारम उपलब्ध गराईने छ ।**
**साथै कम्प्युटरको ज्ञान हुनुपर्नेछ ।**

प्रभाव दैनिक National Daily

## सम्पादकीय

# खाडीका नेपालीलाई सुरक्षाको प्रत्याभूति देऊ

**इजरायल–इरान द्वन्द्व लम्बिँदै जाँदा पश्चिम एसिया क्षेत्रमा रहेका नेपालीहरूको सुरक्षा जोखिम बढ्दै गएको छ । यो क्षेत्रमा १७ लाखभन्दा बढी नेपाली रोजगारी, व्यवसाय तथा अध्ययनका सिलसिलामा छन् । इरानले खाडी राष्ट्रका अमेरिकी बेस क्याम्पहरूमा आक्रमण थालेसँगै यो क्षेत्रमा नेपालीहरूले आफू सुरक्षित नभएको महसुस गर्न थालेका हुन् । यही विषयलाई मध्यनजर गर्दै सरकारले परराष्ट्रसचिव अमृतबहादुर राईको संयोजकत्वमा 'इमरजेन्सी रेस्पोन्स टिम' गठन गरेको छ । यो टिमले ती क्षेत्रमा अप्ठ्यारामा परेका नेपालीलाई आवश्यक समन्वय गर्न अनलाइन दर्ता सेवा सुरु गरेको छ । यो प्रणालीमा मंगलबार साँझसम्म करिब ६२ हजार जनाले आफ्नो विवरण दर्ता गराइसकेका छन् ।**

**यो क्षेत्रमा द्वन्द्व थप बढ्ने आशंकामा यी नेपालीहरूले नेपाल आउने चाहनासहित आफ्नो विवरण दर्ता गराएका हुन् । यो क्षेत्रमा रहेका देशहरूले अहिले हवाई सेवासमेत आंशिकमात्र सञ्चालन गरेका छन् । जसकारण नेपालीहरू आउने उडान पनि ठप्प छन् । नेपाल वायु सेवा निगमले आजबाट युएईको दुबईमा उडान गर्ने तयारी गरेको छ । यद्यपि यो उडान कतिको सहज हुन्छ र कहिलेबाट यसले निरन्तरता पाउँछ भन्ने निश्चितता छैन । अमेरिकी रक्षा सचिव पिट हेगसेथले आज इरानमा निकै शक्तिशाली हमला हुने चेतावनी दिएका छन् । यस्तो भएमा यो क्षेत्रमा अझै द्वन्द्व चर्कने निश्चित छ । यस्तो अवस्थामा नेपालले खाडी क्षेत्रमा नागरिकको सुरक्षामा त्यहाँको सरकारसँग अनिवार्यरूपमा समन्वय गर्नैपर्छ ।**

**यसैगरी सुरक्षित तवरले नेपाल आउन चाहनेहरूलाई वैकल्पिक हवाईमार्ग प्रयोग गरी उद्धार गर्ने तयारीसमेत सरकारले गर्नुपर्छ । बहराइन, कुवेतलगायत देशमा रहेको अमेरिकी सैन्य बेस क्याम्पमा सोमबार नै इरानले मिसाइल प्रहार गरेको थियो । यसैगरी इजरायलमा पनि इरानले जवाफी कारबाही गरेको छ । अमेरिकी सरकारको धम्कीसँग आफूहरू नडराउने भन्दै इरान चट्टानी अडान लिएर युद्धमा होमिएको अवस्थामा खाडी असुरक्षित बन्दै गएको छ ।**

**यो निकै भयभीत अवस्था हो । संसारभरका नेपालीका लागि सरकारले अभिभावकत्व प्रदान गर्न सक्नुपर्छ । यो बेला नेपालीहरूलाई समन्वय गरी आवश्यक परामर्शसमेत सरकारले दिनुपर्छ । खाडीमा रहेका नेपाली जो असुरक्षित महसुस गरी त्रासमा छन् उनीहरूलाई मानासिक परामर्श दिँदै सरकारले सुरक्षित रहेको अभास पनि दिलाउनुपर्छ । नयाँ सरकारले हेर्छ भन्दै अन्तरिम सरकार यस विषयबाट पन्छिन मिल्दैन । यो विषयमा सरकारले सूक्ष्मरूपमा आफ्नो दायित्व पूरा गर्नुपर्दछ ।**

## श्रम सरोकार

### विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

**१) कसैको प्रलोभनमा नफसौं**

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

**२) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं**

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

**३) आफ्नो सुरक्षामा ध्यान दिऔं**

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

**४) काममा लगनशील बनौं**

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

**५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं**

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ । स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ । यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ ।

# नेपालमा संस्कृत शिक्षामाथि उपेक्षा



❑ विष्णुचन्द्र गौतम

तीन त्रिलोक १४ भुवनको रहस्य पस्कन सक्ने प्राचीन तर प्रभावशाली भाषाको नाम संस्कृत भाषा हो । अन्तरिक्षमा प्रयोगका लागि अन्य चर्चित भाषाहरू विफल बनिरहँदा सफल बनिरहेको भाषा संस्कृत भाषा हो । त्यतिमात्रै होइन, कतिपय उपचार पद्धतिमा पनि यो भाषा प्रयोग भइरहेको छ । संस्कृत भाषा आफैंमा कुनै प्रत्यक्ष औषधि होइन तर ध्वनिमा आधारित मनोशारीरिक उपचार प्रणालीमा यसको प्रयोग हुने गरेको छ । संसारको ज्ञान हासिल गर्न संस्कृत भाषाको ज्ञान हासिल गरेरमात्र सम्भव छ । विश्व ब्रह्माण्डको वास्तविकतालाई संस्कृतको ज्ञानलेमात्र पूर्ण गर्न सक्दछ ।

संस्कृत एउटा भाषामात्र नभएर अन्य थुप्रै भाषाहरूको जननी पनि हो । नेपाली, हिन्दी, मैथिलीजस्ता सशक्त भाषाहरू यस भाषाबाट नै विकसित भएका हुन् । हाल यो भाषा बेलायतका चारवटा, अमेरिकाका तीनवटा, जर्मनीका १४ वटा र भारतका १८ वटा विश्वविद्यालयमा पढाइ भइरहेको छ । यसरी हेर्दा संस्कृत भाषा विश्वभरि नै पढाइ भइरहेको छ ।

नेपालमा पनि संस्कृत भाषा अध्ययन अध्यापनका लागि भनेर वि.सं. २०४३ सालमा संस्कृत विश्वविद्यालय स्थापना भएको छ । देवभूमि नेपालका धर्म, संस्कृति, परम्परा र इतिहासको ज्ञान संस्कृतको ज्ञानविना असम्भव छ । अझ भनौ ग्रह, नक्षत्र, तारा, समुद्र, पहाड पर्वतको पूर्णज्ञान संस्कृत नजानिकन सम्भव छैन । एकपटक प्रसिद्ध वैज्ञानिक अल्वर्ट आइन्सटाइनले संस्कृत भाषाको संरचना र व्याकरणको स्पष्टतालाई तारिफ गरेका थिए । उनले भनेका थिए, 'यदि तपाईंको भाषा स्पष्ट र सटिक छ भने तपाईंको विचार पनि सटिक र स्पष्ट हुने छ । यसका लागि संस्कृत उत्कृष्ट माध्यम हो ।'

अमेरिकाका भूतपूर्व राष्ट्रपति थियोडोर रुजवेल्टले भनेका थिए, 'संस्कृत भाषा मानव सभ्यताको वैदिक ज्ञानको मूल स्रोत हो । यसको अध्ययनले तार्किक शक्ति र बुद्धिको विकास गर्छ ।' संस्कृत भाषाको महत्त्व पश्चिमाहरूले दिनप्रतिदिन धेरैभन्दा धेरै बुझिरहेका छन् । द्वन्द्वात्मक भौतिकवादका प्रणेता कार्ल मार्क्सले पनि एकपटक संस्कृत भाषाको अध्ययन आवश्यक छ भनेका थिए । यसरी विदेशीहरूले संस्कृति भाषाको महत्त्व र आवश्यकतालाई विश्लेषण गरिरहँदा हामीकहाँ भने संस्कृत भाषा उपेक्षामा पर्ने गरेको छ । बाहिरी दुनियाँले संस्कृत भाषाको अध्ययनलाई थप जोड दिइरहँदा हामी भने संस्कृत भाषा र यसको महत्त्वलाई बिर्सँदै गएका छौं । कसरी हुन्छ संस्कृत भाषालाई पन्छाइरहेका छौं ।

वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा योजना पद्धतिको कार्यान्वयनपश्चात् संस्कृत शिक्षा ओझेलमा पर्न सुरु भएको हो । यो भन्दा अघि संस्कृत शिक्षा नेपालको मूलधारको शिक्षा थियो तर यो योजना पद्धतिमार्फत यसलाई वैकल्पिक धारको बनाइयो । त्यसैले योगी नरहरीनाथले यसको धेरै नै विरोध गरेका थिए । यसको कार्यान्वयन नगराउन उनले राजा वीरेन्द्रलाई समेत अनुरोध गरेका थिए । तर, उनी सफल भएनन् । अनि विस्तारै संस्कृत शिक्षकहरूको दरबन्दी कटौती गरियो । संस्कृत पढाइ हुने विद्यालयहरूलाई विभिन्न बहानामा मर्ज गर्ने, अन्यत्र कतै सार्ने वा हटाउने कार्यको थालनी भयो । अनि बिस्तारै संस्कृत शिक्षा कमजोर भयो ।

> "नेपाली समाजमा संस्कृत ब्रह्माण्डको ज्ञान दिने भाषा हो भनेर संस्कृतका विद्वानहरूले बुझाउन सकेनन् । संस्कृत नभए पहिचान समाप्त हुन्छ भनेर कसैले पनि बुझ्न सकेन । बरू संस्कृतलाई कर्मकाण्डी भाषामात्र हो भन्ने भाष्य तयार गरियो । बाहुनहरूको ठगी खाने भाषा भनेर विरोध गर्न सिकाइयो । त्यहीबाट आमनेपालीलाई खगोलशास्त्र, गणित, ज्योतिषशास्त्र आदिको ज्ञानबाट वञ्चित गरियो । विज्ञान अब हाम्रो सभ्यताको नभई विदेशीहरूको भन्ने आधार तयार गरियो । संसारको ज्ञान प्राप्त गर्न युरोपियनहरु संस्कृत पढ्दै छन् तर हामी संस्कृत भाषा बिर्सँदै छौं र ज्ञानविहीन बन्दै छौं ।

वि.सं. २०२८ सालअघि करिब २०० को हाराहारीमा रहेका संस्कृत पाठशालाहरू हाल २०८२ सकिनै लाग्दा अनुमानित १७० को संख्यामामात्रै छन् । संस्कृत पढाइ हुने विद्यालय, पाठशाला, क्याम्पसहरूको संख्या बढ्नुपर्नेमा घटेको देखिन्छ । वि.सं. २०२८ सालभन्दा अगाडि संस्कृत शिक्षकहरूको दरबन्दी एक हजार २०० देखि एक हजार ५०० (अनुमानित) रहेकामा हाल घटेर ३०० देखि ५०० (अनुमानित) मात्र रहेको छ । अहिले मुलुकमा नेपाली माटो, जंगल, धर्म र संस्कृतिलाई चिनाउने शिक्षाभन्दा पनि युरोपियन मोडलको शिक्षाको हालीमुहाली रहेको छ । त्यसैले यो उपेक्षा युरोपियनहरूको प्रभावमा गरिएको प्रस्ट हुन्छ । संस्कृत शिक्षामा भएको उपेक्षाका पछाडि राज्यको नीति नै मूलरूपमा दोषी देखिन्छ । संस्कृत शिक्षालाई




व्यावसायिक नभएको, रुढीवादी र परम्परावादी भएको आरोप लगाउँदै युरोपियन मोडलको शिक्षा सुरु गरिएको थियो ।

नेपालमा संस्कृत शिक्षा कमजोर हुनुका पछाडि १० वर्ष चलेको माओवादी द्वन्द्वको हात पनि कम छैन । किनकि, यही समयमा संस्कृत शिक्षालाई ठगी खाने शिक्षा भन्दै पाठ्यपुस्तकहरू जलाइयो । संस्कृत विद्यालय, पाठशाला, कलेजहरू खरानी बनाइए । संस्कृत शिक्षकहरू काटिए, कुटिए, पिटिए अनि मारिए । वाचन शिरोमणि पण्डित नारायणप्रसाद पोखरेलको हत्या गरियो । मन्दिरहरू भत्काइए तर अंग्रेजी शिक्षा चलाइएन । सुरक्षित राखियो । सरकारले संस्कृत शिक्षाको महत्त्व बुझ्न चाहेन वा बुझ्ने ल्याकत राखेन । यसका पछाडि पनि विभिन्न आइएनजिओ र वैदेशिक शक्तिहरूको प्रभाव रहेको सहजै अनुमान गर्न सकिन्छ । यसको स्वीकारोक्ति त अमेरिकामा डोनाल्ड ट्रम्पको सरकार आउनेबित्तिकै युएसएआईडीको कोष बन्द गरिएबाटै थाहा हुन्छ । यहाँ भित्रकै पदाधिकारीहरूले यो कुरा स्वीकार गरिसकेका छन् ।

नेपाली समाजमा संस्कृत ब्रह्माण्डको ज्ञान दिने भाषा हो भनेर संस्कृतका विद्वानहरूले बुझाउन सकेनन् । संस्कृत नभए पहिचान समाप्त हुन्छ भनेर कसैले पनि बुझ्न सकेन । बरु संस्कृतलाई कर्मकाण्डी भाषामात्र हो भन्ने भाष्य तयार गरियो । बाहुनहरूको ठगी खाने भाषा भनेर विरोध गर्न सिकाइयो । त्यहीबाट आमनेपालीलाई खगोलशास्त्र, गणित, ज्योतिषशास्त्र आदिको ज्ञानबाट वञ्चित गरियो । विज्ञान अब हाम्रो सभ्यताको नभई विदेशीहरूको भन्ने आधार तयार गरियो । संसारको ज्ञान प्राप्त गर्न युरोपियनहरू संस्कृत पढ्दै छन् तर हामी संस्कृत भाषा बिर्सँदै छौं र ज्ञानविहीन बन्दै छौं ।

संस्कृत भाषाबारे वास्तविकता बाहिर ल्याउन नसक्दा हामी संस्कृत शिक्षा पढ्ने अवसरबाट वञ्चित छौं । नेपाली समाजमा नैतिकता, एकता र सहिष्णुताको खडेरी पर्दै जानुको पछाडि यही नै मुख्य कारण हो । समाज विभाजनको बीउ यहीबाट रोप्न सुरु भएको हो ।

संस्कृत शिक्षा र संस्कृत भाषाप्रति गरिएको उपेक्षा हामी सबैका लागि घातक सिद्ध हुनेमा दुईमत छैन । हामीले किराँत सभ्यता पढ्नुपर्छ, बौद्ध सभ्यता पढ्नुपर्छ अनि बागमती र कोशी सभ्यता पनि पढ्नुपर्छ । संस्कृत नजानिकन यी सभ्यताहरूको चुरो कुरो बुझ्न सकिन्न । नेपाली भाषा र नेपाली सभ्यतालाई अजर र अमर बनाउने हो भने संस्कृत चाहिन्छ । सुखी नेपाली र समृद्ध नेपालको गन्तव्यमा यही बाटोबाट मात्र पुग्न सकिन्छ ।

## पाठक मञ्च

# अब बन्ने सरकारले खोजोस् सम्पत्तिको स्रोत

आम सर्वसाधारण, सरकारी कर्मचारी, जनप्रतिनिधि, राजनीतिक दलका नेता कार्यकर्ता, व्यापारी, उद्योगीलगायतको आम्दानी र खर्च कति हो ? अब बन्ने सरकारले खोजी गर्नुपर्छ । यहाँ एउटै व्यक्तिसँग दुई करोडदेखि अर्बौंको सम्पत्ति छ । उनीहरूले त्यत्रो सम्पत्ति कसरी जोडे त ? स्रोत नखुलेमा राष्ट्रियकरण गरिनुपर्छ । जनतालाई ठगेर र राज्यलाई कर छलेर यहाँ मानिसहरूले अकुत सम्पत्ति कुम्ल्याएका छन् ।

सरकारी कार्यालयमा भएका बेथितिबारे हामी सबै जानकार नै छौं । कर्मचारीहरू घुसविना काम गर्न मान्दैनन् । यहाँ त नागरिकता, पासपोर्ट, परिचयपत्र बनाउनसमेत घुस खुवाउनुपर्ने अवस्था छ । घुस खुवाउन नसके एक दिनमा हुने काम महिनौं लाग्छ । सामग्री खरिदमा कर्मचारीहरूले भ्रष्टाचार गर्नु गर्छन् । एक हजारको सामानलाई २० हजार भन्दै बिल बनाउँछन् । खाजामा पनि उत्तिकै भ्रष्टाचार हुन्छ ।

सरकारी कार्यालय भ्रष्टाचारको अखडा बनेको छ । त्यसैले, अब बन्ने सरकारले कर्मचारीबाटै सम्पत्ति छानबिन कार्य सुरु गर्नुपर्छ । यहाँ जनता पनि मालामाल छन् । एउटै व्यक्तिले करोडौंदेखि अर्बौं लगानी गरेर घर बनाएका छन् । एकै जनाको पाँचदेखि ६७ वटासम्म घर रहेको पाइन्छ । घरभाडा मनलाग्दी असुलिन्छ । तर, राज्यलाई घरबहाल कर तिरिँदैन ।

आफ्ना छोराछोरीलाई महँगो स्कुलमा पढाएका छन् । उनीहरूको जीवनशैली 'भिआइपी' खालको छ । महँगो कपडा लगाउँछन्, चिप्लो गाडी चढ्छन् । अनि यी सबैको आम्दानी के ? सरकारले खोज्नुपर्छ । उद्योगी, व्यापारीले मुलुकको अर्थतन्त्रमा योगदान पुऱ्याउँछन् भनिन्छ । तर, हामीकहाँ उल्टो छ । यहाँ राज्य कंगाल छ, उद्योगी, व्यापारीसँग सम्पत्तिको थुप्रो । उद्योग, व्यवसाय गरेरै अर्बौं वा खर्बौंको सम्पत्ति कसरी जोडियो त ? उसले राज्यलाई कर तिरेको छ कि छैन ? जनतालाई ठगेर त धनी भएको होइन ? अब सरकारले खोजबिन गर्नुपर्छ । राजनीतिक दलका नेताहरूले हातमै करोडौंको घडी बाँधेका छन् । उनीहरूको लुगा पनि उत्तिकै महँगा देखिन्छन् । जीवनशैली भिआइपी । अनि राजनीति गरेर यस्तो जीवन कसरी बिताउन सकिन्छ ?

सरकारले अब हरेकको सम्पत्ति छानबिन गर्नुपर्छ । कसको कति सम्पत्ति छ ? कति खर्च छ ? आम्दानीको स्रोत के ? खोज्नुपर्छ । अनि स्रोत नभेटिने सबै सम्पत्ति राष्ट्रियकरण गरिनुपर्छ । यसो गरेमा मुलुक सम्पत्ति शुद्धीकरणको 'ग्रे लिस्ट'बाट हट्नुका साथै राज्य मालामाल हुने छ । यहाँ जनतादेखि कर्मचारी, सुरक्षाकर्मी, पत्रकार, नेता, उद्योग, व्यापारी व्यवसायीसम्म भ्रष्टाचारी छन् । नभए मासिक हजारमा तलब खाएर अर्बौंको सम्पत्ति कसरी जोड्न सकिन्छ । अहिले पो निजामती कर्मचारी, सुरक्षाकर्मीहरूको मासिक २९ हजारदेखि लाखसम्म तलब हुन्छ । चार दशकअघि कर्मचारीको तलब बढीमा डेढ सय हुन्थ्यो । अर्को कुरा, अहिले महँगी छोइनसक्नु छ । कर्मचारीको तलब उसका छोराछोरीको शिक्षा वा पारिवारिक आवश्यकतामै खर्च हुन्छ ।

तर, उसैको करोडौ, अर्बौंको सम्पत्ति कसरी आयो त ? त्यसकारण अब बन्ने सरकारले सम्पत्ति छानबिन कार्य गर्नैपर्छ । अहिले एउटै व्यक्तिसँग सयौं तोला सुन छ । उनीहरूले त्यो सुन कसरी जोडे त ? सुनलाई कालोधन लुकाउने माध्यम बनाइँदै छ । सुन कुनै पनि सरकारी निकायमा दर्ता हुँदैन । अहिले सरकारलाई थाहा छैन कि कोसँग कति सुन छ ? कसले कसरी सुन किनेका हुन् ?

त्यसैले, अबको सरकारले सुनतिर पनि ध्यान दिनुपर्छ । सुनमार्फत कालोधन लुकाउनेहरूलाई कारबाही गर्नुपर्छ । सँगै सुन दर्ता र नियमनका निम्ति सरकारी निकाय खडा गर्नुपर्छ । कर तिर्ने जनताको दायित्व हो । राज्यको काम करबाट विकास गर्नु हो । पटक-पटक सरकारमा पुगेका पुराना राजनीतिक दलहरूले देशमा विकास नगरेको गुनासो सुनिँदै आएको छ । यसैले, यो पटक जनताले उनीहरूलाई सरकारमा जाने अवसर नै दिएनन् ।

तर, दलहरूमाथि अनेकौं आरोप लगाउने हामी जनता कति स्वच्छ छौं त ? के हामीले राज्यलाई कर तिरेका छौं ? राज्यप्रति जवाफदेही छौं ? राज्यका ऐन, कानुन, नीतिनियम मानेका छौं ? आफ्नो जिम्मेवारी पूरा गरेका छौं ? भ्रष्टाचार गरेका छौं कि छैनौं ? मूल्यांकन गर्नुपर्ने अवस्था आएको छ । किनकि, अरुमाथि आरोप लगाउन सजिलो छ तर आफूमाथि लाग्ने पन्छिने प्रवृत्ति छ ।

जनता आफैं घरबहाल कर तिर्नु नपरोस् भनेर झूटो बोल्ने, जनप्रतिनिधिलाई घुस खुवाउने, आफ्ना छोराछोरीलाई जागिर लगाउन दलको चाकडी गर्ने, सेवासुविधाका निम्ति भनसुन गर्ने अनि पुराना दलहरूमाथि मात्र दोष थुपार्ने ? यदि जनताले दलहरूको चाकडी नगरेको भए उनीहरूको मनोबल बढ्थ्यो ? देश विकास नहुनुमा जति दलहरू जिम्मेवार छन्, उत्तिकै जनता पनि । जनताको अनावश्यक चाकडीले दलहरूलाई शक्तिशाली बनायो । र, उनीहरूमा घमण्ड बढ्यो । फलस्वरूप अहिले उनीहरू पत्तासाप हुन पुगेका छन् । तर, अहिले देश विकास हुन्छ भन्दै जनताले बहुमत दिएको पार्टीलाई पनि सहज पक्कै छैन । किनकि चाकडीवाद, चाप्लुसीवाद, कर्मचारीतन्त्रलगायत प्रवृत्ति अझै पनि हाबी छ । के थाहा नयाँ भनिएको दल पनि सरकारमा पुगेपछि पुरानै धन्दामा लाग्ने हो कि ?

- **रूषा थापा**, भक्तपुर



**रमजानमा सहयोग** | इस्लाम धर्मावलम्बीहरूको पवित्र रमजान महिनाका अवसरमा मानव विकास समाज सुनसरीद्वारा भोक्राहा नरसिंह गाउँपालिका–४ मा मंगलबार खाद्यान्न सामग्री वितरण गरिँदै । *तस्बिरः रासस*

# सरकारी सेवासुविधा सामाजिक सेवामा प्रयोग गर्ने उपाध्यक्ष डोल्माको घोषणा

**ललितपुर–** अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा महांकाल गाउँपालिकाकी उपाध्यक्ष डोल्मामाया गोलेले आफूले राज्यबाट पाउने तलब-भत्ता नलिने र सरकारी सवारीसाधन सामाजिक सेवामा प्रयोग गर्ने घोषणा गरेकी छन् ।

उपाध्यक्ष गोलेले महिला दिवसका अवसरमा सार्वजनिक सन्देश जारी गर्दै अबदेखि आफूले राज्यबाट पाउने मासिक तलब-भत्ता नलिने निर्णय गरेको बताइन् । उनका अनुसार उक्त रकम ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, महिला, किसान, शिक्षक, युवा तथा स्वास्थ्य स्वयंसेविकालगायत समुदायका आवश्यक क्षेत्रमा सहयोगका रूपमा खर्च गरिने छ ।



त्यसैगरी, आफूले प्रयोग गर्दै आएको सरकारी सवारीसाधनलाई पनि सामाजिक सेवामा प्रयोग गर्ने घोषणा गरेकी छन् । परिवारमा सहारा नभएका ज्येष्ठ नागरिक तथा अपांगता भएका अति विपन्न नागरिकलाई पालिका तथा वडा कार्यालयमा सेवा लिन आउन-जान सहज बनाउने उद्देश्यले सवारी उपलब्ध गराइने उनले जानकारी दिइन् ।

उनले भनिन्, 'विशेषगरी मासिक वृद्धभत्ता लिन पालिका केन्द्रस्थित बैंकसम्म पुग्न कठिनाइ भोगिरहेका नागरिकलाई मैले प्रयोग गर्दै आएको सरकारी सवारीसाधन प्रयोग गर्दा थप सहज हुने छ । यस्ता कुनै समस्या परेमा खुलेर भन्नुस् तपाईंको आपत्-विपत्, दुःख-पीडामा मसँगै रहने छु ।'

महांकाल गाउँपालिका महिला तथा बालबालिका शाखाले सम्बन्धित वडाअध्यक्ष, जनप्रतिनिधि एवं सचिव र स्वास्थ्य स्वयंसेविकाहरूसँग समन्वय गरेर यो सेवा लिनसक्ने पनि उनले जानकारी दिइन् । उनका अनुसार यो सेवा गाउँपालिकाभित्रका नागरिकलेमात्र उपयोग गर्न पाउने व्यवस्था गरिने छ । गोलेले नागरिकलाई सम्बोधन गर्दै आपत्-विपत् र दुःखमा सधैं साथ रहने प्रतिबद्धता व्यक्त गर्दै आफ्नो निर्णय जनसेवा र सामाजिक उत्तरदायित्वप्रतिको प्रतिबद्धताका रूपमा रहेको बताइन् । *रासस*

# शुक्लाफाँटामा बाघ गणना सुरु

**महेन्द्रनगर–** कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा मंगलबारदेखि बाघ गणना सुरु भएको छ । राष्ट्रिय बाघ गणनाअन्तर्गत शुक्लाफाँटासँगै यहाँको लालझाडी-मोहना संरक्षित क्षेत्र र डडेलधुराको जोगबुडामा स्वचालित क्यामेरा जडान गरी बाघ गणना थालिएको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जले जनाएको छ ।

मंगलबार बिहान एक कार्यक्रम आयोजना गरी निकुञ्ज कार्यालयले औपचारिकरूपमा बाघ गणना सुरु गरेको हो । शुक्लाफाँटा-लालझाडी-जोगबुडलाई दुई गुणा दुई किलोमिटरका २६० ग्रिडमा विभाजन गरिएको निकुञ्ज कार्यालयले जनाएको छ । यसअघि ४३ पाटेबाघ गणना गरिएको शुक्लाफाँटामा हरेक वर्ष बाघ गणना गरिँदै आएको छ । ३०५ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको शुक्लाफाँटा मुलुकमै थोरै



क्षेत्रफलमा धेरै बाघ भएको निकुञ्ज हो ।

आहार प्रजातिको पर्याप्तताका कारण यहाँ बाघको संख्या धेरै भएको जनाइएको छ । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत चन्द्रशेखर चौधरीले बाघ गणनाका लागि ५८० स्वचालित क्यामरा जडान गरिनाका साथै ७७ जनाको प्राविधिक टोली खटिने जानकारी दिए ।

# गण्डकीमा एमाले र नेकपाको प्रतिनिधित्व शून्य

■ प्रभाव संवाददाता



**गण्डकी–** गत बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा गण्डकी प्रदेशमा कम्युनिस्ट दल नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले एउटा पनि क्षेत्रमा विजय हासिल गर्न सकेनन् । गण्डकीबाट दुवै दलको प्रतिनिधित्व शून्य बनेको छ । वि.सं. २०७९ को चुनावमा गण्डकीबाट एमालेले पाँच र नेकपाले दुई निर्वाचन क्षेत्रमा जितेका थिए ।

अघिल्लो चुनावमा १० क्षेत्रमा जितेको नेपाली कांग्रेस पनि यसपटक गण्डकीमा दुई सिटमा सीमित रह्यो । वि.सं. २०७९ को चुनावमा बागलुङ-१ मा विजयी बनेको राष्ट्रिय जनमोर्चाका उम्मेदवारको यसपालि जमानत नै जफत भयो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रदेशका कूल १८ निर्वाचन क्षेत्रमध्ये १५ निर्वाचन क्षेत्रमा विजयी बन्न सफल भयो । म्याग्दी, मुस्ताङ र मनाङबाहेकका जिल्लामा रास्वपा उम्मेदवारले जितेका हुन् । म्याग्दीमा स्वतन्त्र उम्मेदवार महावीर पुन विजयी बने ।

मुस्ताङबाट नेपाली कांग्रेसका योगेश गौचन थकाली र मनाङमा पनि नेपाली कांग्रेसकै टेकबहादुर गुरुङले संसद्को यात्रा तय गर्न सफल भए । रास्वपाले प्रदेश राजधानी रहेको कास्कीलगायत अधिकांश जिल्लामा जित निकालेको हो । रास्वपाबाट कास्की-१ खड्कराज पौडेल, कास्की-२ मा उत्तमप्रसाद पौडेल र कास्की-३ मा बिना गुरुङ विजयी बने । बागलुङका दुवै क्षेत्रमा पनि रास्वपाका उम्मेदवार विजयी बने ।

बागलुङ-१ मा सुशील खड्का र बागलुङ-२ मा सोम शर्मा विजयी बने । स्याङ्जाका दुवै क्षेत्रमा पनि रास्वपा उम्मेदवार विजयी बने । स्याङ्जा-१ बाट धनञ्जय रेग्मी र स्याङ्जा-२ बाट झविलाल डुम्रे ससंद्मा पुगेका हुन् । तनहुँका दुवै क्षेत्रमा पनि रास्वपाका उम्मेदवारले जितेका छन् । तनहुँ-१ मा स्वर्णिम वाग्ले र तनहुँ-२ मा श्रीराम न्यौपाने विजयी बने ।

यस्तै, नवलपुर-१ मा रास्वपाकै राजन गौतम र नवलपुर-२ मा मनिष खनाल विजयी बने । लमजुङमा रास्वपाका उम्मेदवार धर्मराज केसी विजयी बने । पर्वतबाट रास्वपाकै सागर भुसालले ससंदीय यात्रा तय गरेका छन् । गोरखाका दुवै क्षेत्रमा पनि रास्वपाले जित्यो । गोरखा-१ मा सुधन गुरुङ र गोरखा-२ मा कविन्द्र बुर्लाकोटी विजयी बने ।

## चितवनमा कांग्रेस-एमालेसहित ५७ जनाको जमानत जफत

चितवनमा नेपाली कांग्रेस र नेकपा एमालेका नेतासहित ५७ जनाको जमानत जफत भएको छ । जिल्लाका तीन निर्वाचन क्षेत्रमा उम्मेदवारी दिएका उनीहरूको जमानत जफत भएको हो ।

जिल्ला निर्वाचन कार्यालयका अनुसार चितवन-१ मा १५ जनाको, चितवन-२ र ३ मा २१-२१ जनाको जमानत जफत भएको हो । कार्यालयका सूचना अधिकारी नेत्रराज श्रेष्ठका अनुसार आफ्नो निर्वाचन क्षेत्रमा खसेको सदर मतको १० प्रतिशत मत नपाएका उम्मेदवारहरूको जमानत जफत भएको हो । उनका अनुसार क्षेत्र नं १ मा १८ जना, क्षेत्र नं २ र ३ मा २३-२३ जनाले प्रतिनिधिसभाका लागि उम्मेदवारी दर्ता गराएका थिए । क्षेत्र नं १ मा रास्वपा, नेपाली कांग्रेस र एमालेका उम्मेदवारबाहेक अन्य सबैको जमानत जफत भएको छ । सो क्षेत्रमा ९६ हजार १५४ मत खसेको थियो । ९१ हजार ८९९ मत सदर भएको थियो ।

चितवन-२ मा राष्ट्रिय स्वतन्त्र पार्टी र नेपाली कांग्रेसका उम्मेदवारबाहेक अन्य सबैको जमानत जफत भएको उनले जानकारी दिए । उनका अनुसार सो क्षेत्रमा ८७ हजार २२१ मत खसेको थियो । यसमा ८४ हजार २३२ मत सदर भएको थियो । यस्तै, क्षेत्र नं ३ मा राष्ट्रिय स्वतन्त्र पार्टी र नेपाली कम्युनिस्ट पार्टीबाहेक अन्य दल र स्वतन्त्र उम्मेदवारको जमानत जफत भएको छ । सो क्षेत्रमा एक लाख ५३ मत खसेको थियो । समग्र जिल्लामा दुई लाख ८३ हजार ४२८ मत खसेको उनले जानकारी दिए ।

जिल्लामा समानुपातिकतर्फको मतगणनासमेत अन्तिम चरणमा पुऱ्याइएको छ । चितवन २ र ३ को समानुपातिकतर्फको मतगणना सम्पन्न भएको छ भने क्षेत्र नं १ को अन्तिम अवस्थामा पुगेको सूचना अधिकारी श्रेष्ठले बताए ।

# काभ्रेका अधिकांश उम्मेदवार जमानत जोगाउन असफल

**काभ्रेपलाञ्चोक (प्रस)–** बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा काभ्रेको उम्मेदवारी दिएकामध्ये ८५ प्रतिशत उम्मेदवारको जमानत जफत हुने भएको छ । जिल्लाका दुई क्षेत्रका ४२ उम्मेदवारमध्ये ३५ जनाको जमानत जफत हुने भएको हो ।

जिल्लाका कूल उम्मेदवारमध्ये कतिपयले १० मतसमेत कटाउन सकेनन् । काभ्रेमा तीन लाख २६ हजार ६११ मतदाता छन् । यद्यपि, जिल्लाका दुवै क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार विजयी भएका छन् । काभ्रे-१ मा १८ उम्मेदवारमध्ये १४ उम्मेदवारको जमानत जफत भएको छ । यस क्षेत्रमा रास्वपा, नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का उम्मेदवारबाहेक सबै उम्मेदवारको जमानत जफत भएको हो ।

कूल एक लाख ६१ हजार १०० मतदाता रहेको यस क्षेत्रमा ९१ हजार १०१ मत खसेको थियो । त्यसमध्ये ८७ हजार १२४ मत सदर तथा चार हजार ९७७ मत बदर भयो । यस क्षेत्रका सात उम्मेदवारले १०० मतसमेत कटाउन सकेनन् । जनता समाजवादी पार्टी नेपालका मानबहादुर तामाङले ७१, नेपाल मजदुर किसान पार्टीका राजु तामाङले ५२ र प्रगतिशील लोकतान्त्रिक पार्टीका ज्ञानेन्द्रकुमार श्रेष्ठले ५६ मत पाए ।

समावेशी समाजवादीका विनोद लामाले ५० मत, नेसनल रिपब्लिकन नेपालका भरत तामाङले ३५ मत, स्वतन्त्र उम्मेदवार जीवन लामाले ९४ तथा स्वतन्त्र उम्मेदवार युवराज चौलागाईंले सात मत प्राप्त गरेका थिए ।

यस क्षेत्रका समावेशी समाजवादीका विनोद लामा यौनिक अल्पसंख्यक उम्मेदवार हुन् । यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीका नवराज सत्यालले ६९९ मत, श्रम संस्कृति पार्टीका धिराज लामाले २८७ मत, मंगोल नेसनल अर्गनाइजेसनका कमलबहादुर लामाले १५६ मत, नेकपा माओवादीका कान्छा तामाङले १४९, संयुक्त नागरिक पार्टीका रत्न लामाले ११४ तथा स्वतन्त्र उम्मेदवार राजेशकुमार श्रेष्ठले १६९ मत प्राप्त गरेका छन् ।

यस क्षेत्रमा रास्वपाका मधुकुमार चौलागाईंले २९ हजार ६९८ मत प्राप्त गरेर विजयी भएका छन् । कांग्रेसका गुणराज मोक्तानले १९ हजार १६६, नेकपाका दिनानाथ गौतमले १४ हजार १८४ र एमालेका अमी तामाङले १३ हजार ८१४ मत प्राप्त गरेका छन् । यस क्षेत्रमा उज्यालो नेपाल पार्टीका योगेन्द्र लामाले सात हजार ४०३ मत प्राप्त गरे पनि जमानत भने जोगाउन सकेनन् ।

यसैगरी कूल एक लाख ६५ हजार ५११ मतदाता रहेको क्षेत्र नं २ मा एक लाख चार हजार ६४२ मत खसेको थियो । त्यसमध्ये ९९ हजार ५८० मत सदर तथा पाँच हजार ६२ मत बदर भएको थियो । निर्वाचन क्षेत्रमा जम्मा सदर मतको १० प्रतिशतभन्दा कम मत पाउने उम्मेदवारको धरौटी जफत हुने प्रावधानअनुसार यस क्षेत्रमा २४ उम्मेदवारमध्ये २१ जनाको जमानत जफत हुने भएको छ ।

यस क्षेत्रका विजयी उम्मेदवार रास्वपाका बदन भण्डारी, नेपाली कांग्रेसका मधुप्रसाद आचार्य र एमालेका अशोक व्याञ्जूबाहेक सबै उम्मेदवारको जमानत जफत भएको छ । यस क्षेत्रमा नेकपाका उम्मेदवार बसुन्धरा हुमागाईंले आठ हजार १०७ मत प्राप्त गर्दा जमानत भने जोगाउन सकेनन् । यस्तै उज्यालो नेपाल पार्टीका उम्मेदवार ज्योत्सना सैंजुले तीन हजार ७४९ तथा राप्रपाका रञ्जीव श्रेष्ठले एक हजार १२५ मत प्राप्त गर्दा जमानत जोगिएन ।

यसैबीच जिल्लास्थित मुख्य निर्वाचन कार्यालयको मत परिणामअनुसार अधिकांश उम्मेदवारले ५० मतसमेत कटाउन सकेनन् । मतपरिणामअनुसार सबैभन्दा कम मत पाउने स्वतन्त्र उम्मेदवारमा केशवराज तिमिल्सिनाले चार, लेनिन विष्टले आठ, गणेशप्रसाद अधिकारीले ११, विष्णुकुमार श्रेष्ठले १३, डिल्ली न्यौपानेले ३१, आशा तामाङले ५९ तथा मितेरी पार्टी नेपालका उम्मेदवार हरिबहादुर थापाले १०, नेसनल रिपब्लिकन नेपाल पार्टीका सुकमान तामाङले १५, सीताराम मैनालीले २१, उमेश थापाले २६, मंगोल नेसनल अर्गनाइजेसनका उमेश लामाले २८, नेकपा संयुक्तका राजन थापाले ३२, जनता समाजवादी पार्टीका रकम लामाले ३२, राष्ट्रिय जनमोर्चाका सुवर्णविक्रम थापाले ३९ मत प्राप्त गरेका हुन् ।

यस क्षेत्रको निर्वाचनमा रास्वपाका भण्डारीले ५३ हजार ३४४ मत ल्याई फराकिलो अन्तरले विजयी भने कांग्रेसका आचार्यले १७ हजार ८६८ र नेकपा एमालेका अशोक ब्याञ्जूले १३ हजार ९४० प्राप्त गरेका थिए ।


कोशी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय

**शैलजा आचार्य कोशी प्रादेशिक अस्पताल तथा हृदय केन्द्र**

विराटनगर, नेपाल

**Supply, Delivery & Installation of Desktop Computer and Other Necessary Communication Accessories**

**National Competitive Bidding (NCB)**

**SAKPHCC-NCB-01**

**प्रथम पटक प्रकाशित मितिः २०८२/११/२७**

यस अस्पतालको लागि आवश्यक पर्ने डेस्कटप कम्प्युटर तथा अन्य मेशिनरी उपकरणहरु खुला बोलपत्र प्रस्ताव आह्वान गरी खरिद गर्नु पर्ने भएकाले इच्छुक इजाजात पत्र प्राप्त व्यक्ति, फर्मर कम्पन्नी, व्यवसायी तथा संस्थाहरूले सार्वजनिक खरिद कार्यालयको EGP Portal https://bolpatra.gov.np/egp मार्फत बोलपत्र प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबै सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र सम्बन्धी सम्पुर्ण जानकारी सार्वजनिक खरिद कार्यालयको EGP Portal https://bolpatra.gov.np को माध्यमबाट आव्हान गरिएको बोलपत्र कागजातमा रहेको सूचनामा उल्लेख गरिएको छ ।

**फोन नं. ०२१-४७५५१५, इमेलः sailajahospitalp1@gmail.com**

**सुनवर्षी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
डाईनिया, मोरङ्ग
कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८२/११/२७**

यस कार्यालयद्वारा मिति २०८२/०९/२० गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम प्राप्त हुन आएको तपशिलमा उल्लेखित न्युनतम मुल्यांकित सारभुतरूपमा प्रभावग्राही बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा (२) को प्रयोजनार्थ स्विकृतिको आशयको लागि सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | ठेक्का नं. | बोलपत्रदाताको नाम/ठेगाना | कामको विवरण | कवोल गरेको रकम (मू.अ.कर र पि.एस. बाहेक) |
|---|---|---|---|---|
| १ | SUNMUN/ ROAD/ 082/83-02 | Nikita And Raj Construction Pvt. Ltd., Koshi Rural Municipality-03, Sunsari, Nepal | ward no 1 sangam chowk dekhi tek bahadur bhattaraiko ghar hudai sainik chowk samma sadak kaloppatre | 2,77,75,018.60/ - |

**प्रमुख प्रशासकीय अधिकृत**




## 'मुक्तिपुर'को छायांकन सुरू

चलचित्र 'मुक्तिपुर'को छायांकन सुरू भएको छ। वसुन्धरामा अवस्थित इन्द्रायणी मन्दिरमा चलचित्रको शुभमुर्हूत गर्दै छायांकन सुरू गरिएको हो। सुनिल पाण्डेको निर्देशन रहने चलचित्र साहिबा फिल्मस् प्रोडक्सनको ब्यानर र एभरेस्ट फिल्म एकेडेमीको सहकार्यमा बन्ने लागेको हो। नाजिर हुसैन, गौरव पहारी, प्रकाश शाह, एवनराज उप्रेतीको अभिनय रहने चलचित्रबाट अभिनेत्रीको रूपमा आकृति बुढाथोकी डेब्यु गर्दैछिन्। विजय राजवंशी र रोशन पासवान निर्माता रहेको चलचित्रमा विशाल श्रेष्ठ कार्यकारी निर्माता छन् भने केशव गौतम सह - निर्माता छन्। सञ्जय गुरूङ र सुरज चौधरी लाइन प्रोड्यूसर रहेको चलचित्रमा सम्राट् बस्नेत द्वन्द्व निर्देशक रहँदा छायांकन शरद महतोको रहनेछ।





# 'माया भनेकै यस्तो होला'को छायांकनमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेत्री रेखा थापाको निर्देशनमा निर्माण हुन लागेको चलचित्र 'माया भनेकै यस्तो होला'को छायांकन औपचारिक रूपमा सुरु भएको छ।

गत फाल्गुन ३ गते महाशिवरात्रीको अवसर पारेर निर्माण घोषणा गरिएको यस चलचित्रको सोमबार काठमाडौंको शिवपुरीस्थित रोयल ट्युलिप नेशनल पार्कबाट सुटिङ आरम्भ गरिएको हो।

'हिम्मतवाली' र 'मालिका' जस्ता सफल चलचित्रको निर्देशन गरिसकेकी रेखा थापा झण्डै आठ वर्षपछि निर्देशनमा फर्किएकी हुन्। यस चलचित्रमा रेखाको एउटा भिन्न परिचय देखिनेछ, उनी यसपटक क्यामेराको अगाडि (अभिनयमा) नभई पूर्ण रूपमा निर्देशनमा मात्र केन्द्रित रहनेछिन्।

रेखाले यसपटक आफ्नै ब्यानर 'रेखा फिल्मस्' भन्दा बाहिर गएर 'दिया एण्ड अमु फिल्मस्'को ब्यानरमा काम गरिरहेकी छिन्।

चलचित्रमा नेपाली कला क्षेत्रका दिग्गजदेखि वर्तमानका चर्चित अनुहारहरूको ठूलो टोली समेटिएको छ। चलचित्रमा वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठ र लामो समयपछि चलचित्रमा फर्किएका अभिनेता दिल श्रेष्ठ मुख्य भूमिकामा छन्। यस चलचित्रको अर्को मुख्य आकर्षण भनेको तीनजना पूर्व मिस नेपालहरूको उपस्थिति हो। सृष्टि श्रेष्ठ, नम्रता श्रेष्ठ र पूर्व मिस नेपाल इन्टर नेसनल नीति शाहले यस चलचित्रमा प्रमुख भूमिका निर्वाह गर्दैछन्।

यसअघि निर्माण पक्षले चलचित्रको औपचारिक घोषणा गर्दा दुईवटा पोस्टर सार्वजनिक गरेको थियो। सार्वजनिक गरिएका दुई पोष्टरमा कलाकारहरूको भावुक र रोमान्टिक अवतार देखाइएको थियो।

एक पोस्टरमा दिल श्रेष्ठको साथमा तीन अभिनेत्रीहरू सृष्टि श्रेष्ठ, नम्रता श्रेष्ठ र नीति शाह देखाइएको थियो। जसमा तीनै अभिनेत्रीहरू रातो रङको पहिरन (लेहेंगा र सारी) मा सजिएका थिए। दिल श्रेष्ठ र नम्रता श्रेष्ठको सामिप्यता झल्किएको छ भने सृष्टि र नीति शाहका भावहरू अलि गम्भीर देखिन्छन्।

अर्को पोस्टरमा अभिनेता दिल एक वृद्ध (कलाकार मदनकृष्ण श्रेष्ठ) को साथमा भावुक मुद्रामा समावेश थिए। ह्विलचेयरमा बसिरहेका मदनकृष्ण श्रेष्ठको हात समातेर भुइँमा बसेका दिल श्रेष्ठको मुद्राले सन्तानको कर्तव्य र बुढेसकालको सहाराको कथालाई प्रस्तुत गरिएको थियो।

'दिया एण्ड अमु फिल्मस्' को ब्यानरमा निर्माण हुने यस चलचित्रमा लक्ष्मी गिरी, विशाल पहाडी, रवी डंगोल 'बेमान', संगम भण्डारी, सुजाता श्रेष्ठ र बिनोद पौडेल लगायतका कलाकारहरूको पनि अभिनय रहनेछ।

हरि नारायण श्रेष्ठ र माया देवी श्रेष्ठ निर्माता रहेको यस चलचित्रले सुमधुर प्रेम कथाका माध्यमबाट सामाजिक भावना र परिवेशलाई उठान गर्ने बताइएको छ।

ध्रुव लम्सालको लेखन रहेको यो चलचित्रले प्रेमको वास्तविक परिभाषा खोज्ने प्रयास गर्नेछ। लेखक लम्साल पनि करिब एक दशकपछि सिनेमा लेखनमा फर्किएका हुन्।

प्रोडक्सन हेड सीएम भारद्वाज (सुवेदी) का अनुसार चलचित्रको छायांकन फागुनको दोस्रो साताबाटै सुटिङ सुरु गर्ने तालिका भए पनि चुनाव र पछिल्लो परिस्थितिका कारण केही दिन ढिलाइ भएको बताए। काठमाडौं आसपासकै विभिन्न स्थानमा खिचिने चलचित्रको छायांकन करिब एक महिना चल्ने उनले जानकारी दिए।

चलचित्रलाई सुदीप बरालले छायांकन (डिओपी) गर्दैछन् भने अनिरुद्ध आत्रेय प्रमुख सहायक निर्देशकका रूपमा रहेका छन्। चलचित्रमा राजन घिमिरेले फिल्म कोअर्डिनेटरको जिम्मेवारी सम्हालेका छन् भने प्रशान्त सिवाकोटीको संगीत, सुजेनी मल्लको ड्रेस डिजाइन र प्रिया कार्कीको मेकअप रहनेछ।

निर्माण टोलीले यस चलचित्रलाई आगामी वर्षको तीजको अवसर पारेर देशभरका हलहरूमा प्रदर्शन गर्ने लक्ष्य राखेको छ।

# 'परालको आगो'को टिजर सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** सुशील पोखेरेलको फिल्म 'परालको आगो'को टिजर रिलिज भएको छ। निर्माण टिमले ओएसआर युटुब च्यानलमार्फत फिल्मको टिजर रिलिज गरेको हो।

टिजरमा श्रीमान श्रीमतीबीचको मनमुटाव र झगडा देख्न सकिन्छ। प्रकाश सपुत र सुहाना थापा श्रीमानश्रीमतीको भुमिकामा रहेका छन्। श्रीमती पधैंरोबाट पानी लिएर अबेला आएको निहुँमा श्रीमानले कुट्छन्। जहाँ छिमेकीको रूपमा रहेका सौगात मल्ल र उनकी श्रीमतीले छुट्याउन जाँदा 'अर्काको लोग्नेस्वास्नीको झगडामा नपरेकै राम्रो भन्ने खाल्का कुरा प्रकाशले गर्छन्। नेपाली समाजको यथार्थ घटनालाई टिजरमा देख्न सकिन्छ। ग्रामीण परिवेश, परम्परागत टोकरी र पहाडी पृष्ठभूमिमा हुने गरेका नेपाली समाजको कथालाई फिल्मको टिजरले प्रस्तुत गर्न खोजेको छ।

टिजरमा फिल्मका मुख्य कलाकार सुहाना थापा, प्रकाश सपुत र सौगात मल्ललाई प्रस्तुत गरिएको देख्न सकिन्छ। निर्माण टिमले नारी दिवसको अवसर पारेर नेपाली गाउँघरको मौलिकता झल्काउने पोस्टर सार्वजनिक गरेको थियो।

गुरु प्रसाद मैनालीको अमर कृति 'परालको आगो'बाट प्रेरित यस फिल्ममा सुहाना थापा, सौगात मल्ल, प्रकाश सपुत, सिर्जना अधिकारी, किशोर भण्डारी, ज्याक श्रेष्ठ, सरिता भण्डारी, रेणु न्यौपाने र बाल कलाकार मन्जिला बानियाँको अभिनय रहेको छ। हरि ॐ सिने मेकर्स प्रा.लि.को ब्यानरमा निर्माण भएको यस फिल्मलाई लक्ष्मण सुनारले निर्देशन गरेका हुन्।

सुशील पोखरेलको लगानी रहेको यस फिल्मलाई सुशील देवकोटाले लेखेका छन्। फिल्ममा संकल्प भुजेलको छायांकन, नृत्य निर्देशन रामजी लामिछाने, सम्पादन मिलन श्रेष्ठले गरेका छन् भने रंग संयोजन कनाल कँवरको छ।

त्यसै गरि यो फिल्ममा भिएफएक्स समिर मिया र सत्यम रानाको रहने छ भने टिजर तथा ट्रेलर सम्पादन साहिल खानको छ। मिक्सिङ मुकेश शाहको रहेको छ भने निर्माण संयोजन नगेन्द्र घिमिरेले सम्हालेका छन्।

यस फिल्मको पार्श्व संगीतमा किरण तुलाधरको रहेको छ भने संगीतमा शान्ति ठटाल, सत्य-स्वरूप आचार्य र प्रकाश सपुतले गरेका छन्। फिल्मका गीतका शब्द रचना मनबहादुर मुखिया, सुरेन्द्र राना र प्रकाश सपुतको शब्दको छ। यसै फिल्ममा कला निर्देशन प्रतिक चौधरीले गरेका छन् भने मुख्य सहायक निर्देशकको जिम्मा करण बहादुर साउदको छ। सुलभी पोखरेल र सत्यम पोखरेल रहेको यस फिल्मलाई नेपालभर वितरण आरआर फिल्मसले गर्दैछ। साथै डिजिटल अधिकार ओएसआरले लिएको छ।

गुरूप्रसाद मैनालीको 'नासो' कथा संग्रहमा समावेश कथा 'परालको आगो' नाममा ४५ वर्षअघि प्रताप सुब्बाले पनि फिल्म निर्देशनमा निर्माण भएको थियो। सोही अनुसार कथालाई नमारिकन नयाँ र उत्कृष्ट रूपमा पुन निर्माण गरिएको निर्माता पोखरेलले बताए। फिल्म आगामी बैशाख ११ गतेबाट अल नेपाल प्रदर्शनमा आउँदैछ।

## रंगशाला

### राष्ट्रिय लिग

# मनाङद्वारा चित्लाङ पराजित

**काठमाडौं (प्रस)–** मनाङ मर्स्याङ्दी क्लबले राष्ट्रिय लिगमा चित्लाङ एफसीलाई हराएको छ। सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा मंगलबार सम्पन्न खेलमा मनाङले चित्लाङविरुद्ध २-० को जित निकालेको हो। मनाङको यो तेस्रो जित हो। लिगमा १० खेल खेलेको मनाङले १२ अंक जोडेको छ।

चित्लाङ भने पाँचौं यो हार हो। समान खेलबाट चित्लाङको भने ९ खेलबाट ७ अंक छ। २३औं मिनेटमा गिडियोन नाह क्येरेमेहले पेनाल्टी बाहिरबाट गरेको लामो प्रहारलाई चित्लाङका गोलकिपर सन्तोष महतले उत्कृष्ट बचाउ गर्दै टोलीको संकट टारे। ४९औं मिनेटमा शैरभ तामाङको गोलमा मनाङले खेलमा अग्रता लियो। दोस्रो हाफको इन्जुरी समयमा सुमित मल्लले गोल गर्दै मनाङलाई २-० को सहज जित दिलाए।

# प्रदेशस्तरीय मेयर कप ब्याडमिन्टन शुक्रबारदेखि

**बुटवल (प्रस)–** चौथो लुम्बिनी प्रदेशस्तरीय मेयर कप ब्याडमिन्टन प्रतियोगितामा ३ विधामा प्रतिस्पर्धा हुने भएको छ। बुटवल ब्याडमिन्टन क्लबको आयोजनामा बुटवल-११ देवीनगर माँझगाउँस्थित कर्भडहलमा प्रतियोगिता शुक्रबार र शनिबार हुने तय छ। कार्यक्रम संयोजक तथा क्लबका तृतीय उपाध्यक्ष भानु केसीका अनुसार प्रतियोगितामा मेन्स डबल, भेट्रान्स डबल (५५ वर्षमाथि), र मास्टर भेट्रान्स डबल (४५ वर्ष माथिकोले ३५ वर्ष माथिकोलाई पार्टनर बनाएर खेल्नु पर्ने ) गरी ३ विधामा प्रतिस्पर्धा हुनेछन्।

मेन्स डबलतर्फ प्रथम हुने टिमले ४० हजार रूपैयाँ, दोस्रो हुने टिमले ३० हजार रूपैयाँ र तेस्रो हुने टिमले २० हजार रूपैयाँ प्राप्त गर्नेछन्। त्यसै गरी ५५ वर्षमाथिको भेटरान्स डबलतर्फ प्रथम हुने टिमले २० हजार रूपैयाँ, दोस्रो हुने टिमले १५ हजार रूपैयाँ र तेस्रो हुने टिमले १० हजार रूपैयाँ प्राप्त गर्नेछन्।

यस्तै ३५ वर्षमाथि र ४५ वर्षमाथिको मास्टर भेटरान्स डबलतर्फ प्रथम हुने टिमले ३० हजार रूपैयाँ, दोस्रो हुने टिमले २५ हजार रूपैयाँ र तेस्रो हुने टिमले २० हजार रूपैयाँ पुरस्कार प्राप्त गर्ने व्यवस्था गरिएको छ।


**मलेसियामा रोजगार** कम्पनी : XINYI ENERGY SMART SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/११/२६ | LT. No. 339906 | चलानी नं. ६०२५३२७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 100 | 0 | 1700 | ६३,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ४ गते (18th March 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

R.K.H.R. SOLUTION PVT.LTD.
KMC-9, Gaushala, Kathmandu, Nepal, Tel : +977-5912861,
Mob: 9818024001, 9801820670, E-mail : rkhrsolution2022@gmail.com
Govt. License 1565/079/80



**मलेसियामा रोजगार** कम्पनी : CHOO BEE PLANTATIONS SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/११/२५ | LT. No. 339941 | चलानी नं. ६०२५३२६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 4 | 0 | 1700 | ६३,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ४ गते (18th March 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

License No. : 333/059/60
SUHASHA LINK PVT. LTD.
Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,



**बहराइनमा रोजगार** कम्पनी : RADHWAN GRILLS W.L.L शहर : Bahrain

पूर्व स्वीकृति मिति : २०८१/०९/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/२६ | LT. No. 315911 | चलानी नं. ६०२३०१८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 3 | 0 | 120 | ४६,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ४ गते (18th March 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७



**मलेसियामा रोजगार** कम्पनी : ECOSENSE ENVIRONMENTAL TECHNOLOGY SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/११/२६ | LT. No. 339900 | चलानी नं. ६०२५३२९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 150 | 0 | 1700 | ६३,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ECOSENSE ENVIRONMENTAL TECHNOLOGY SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/११/२६ | LT. No. 339901 | चलानी नं. ६०२५३२९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 150 | 0 | 1700 | ६३,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ४ गते (18th March 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

White Horse International Pvt. Ltd.
Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, 9803243166/9818224732 E-mail: wh.adm77427@gmail.com



**कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना**

(प्रकाशित मिति २०८२ साल फागुन महिना २७ गते बुधबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपशिल**

**क) शाखा कार्यलय : गरुडा शाखा** — **कर्जा शीर्षक : सरल व्यवसायी कर्जा**

**ऋणीको विवरण**

नाम : **सुभान ट्रेडर्स** — प्रोप्राइटरको नाम : सफिना खातुन — प्रा.फ.र.नं. : १०८६६/१५७६
दर्ता गर्ने कार्यालय : वाणिज्य आपूर्ति तथा अपभोक्ता संरक्षण विभाग — दर्ता मिति : २०७७/११/१९
रजिष्टर्ड ठेगाना : रौतहट जिल्ला जयनगर वडा नं. ४ — स्थायी लेखा नं. : ६१५३९१२३०

**प्रोपाईटरको विवरण**

इस्लाम मिया अंसारीको बुहारी सुभान मिया अंसारीको पत्नी रौतहट जिल्ला जयनगर गा.वि.स. वडा नं. ९ हाल, गरुडा न.पा. वडा नं. १ बस्ने **सफिना खातुन** (ना.प्र.नं. : ३७८६ जारी मिति र जिल्ला : २०६१/१२/०७, रौतहट)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) महमुदि मिया अंसारीको नाति इस्लाम मिया अंसारीको छोरा रौतहट जिल्ला जयनगर गा.वि.स. वडा नं. ९ हाल, गरुडा न.पा. वडा नं. १ बस्ने **सुभान मिया अंसारी** (ना.प्र.नं. : ३०८८ जारी मिति र जिल्ला : २०५७/१२/०१, रौतहट)

२) इस्लाम मिया अंसारीको नाति सुभान मिया अंसारीको छोरा रौतहट जिल्ला गरुडा न.पा. वडा नं. १ बस्ने **रहमतुल्लाह अंसारी** (ना.प्र.नं. : ३२-०६-७७-०२२७१ जारी मिति र जिल्ला : २०७७/१२/०१, रौतहट)

३) नेवाज अंसारीको नाति असीन अंसारीको छोरा रौतहट जिल्ला जयनगर वडा नं. ८ हाल, गरुडा न.पा. वडा नं. १ बस्ने **जलाल उदीन** (ना.प्र.नं. : ५१५६/५२३ जारी मिति र जिल्ला : २०४५/०२/२८, रौतहट)

**ख) शाखा कार्यलय : नेपालगंज शाखा** — **कर्जा शीर्षक : हायर पर्चेज कर्जा**

**ऋणीको विवरण**

ऐमान सिंह खत्रीको नाति पृथी बहादुर खत्रीको छोरा जुम्ला जिल्ला सिंजा वडा नं. २ हाल, बाँके जिल्ला कोहलपुर न.पा. वडा नं. १० बस्ने **गमान सिंह खत्री** (ना.प्र.नं. : ६०/९८४ जारी मिति र जिल्ला : २०६७/०७/२९, जुम्ला)

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

पृथी बहादुर खत्रीको बुहारी गमान सिंह खत्रीको पत्नी जुम्ला जिल्ला धापा वडा नं. २ हाल, बाँके जिल्ला कोहलपुर न.पा. वडा नं. १० बस्ने **सनिता शाही** (ना.प्र.नं. : ६०३०२५/१२५५ जारी मिति र जिल्ला : २०७१/०७/१६, जुम्ला)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ



फिनल्याण्डको सल्लामा रहेको जमेको केसेलमाजार्वी तालमा सल्ला पोरोकप रेनडियर स्प्रिन्ट रेसिङ कार्यक्रमको उद्घाटनका क्रममा दौडँदै रेनडियर र उनीहरूका मसरहरू । *तस्बिरः एपी*

# तेल संकटले एसियामा तनाव

**ढाका–** मध्यपूर्वमा जारी युद्धका कारण तेलको मूल्य तीव्र रूपमा बढेपछि एसियाका विभिन्न देशहरूमा इन्धन अभाव र असन्तुष्टि देखिन थालेको छ । बंगलादेशमा अवस्था अझ तनावपूर्ण बनेपछि प्रमुख तेल डिपोहरूको सुरक्षा गर्न सैनिक तैनाथ गरिएको छ ।



तेल आयातमा अत्यधिक निर्भर बंगलादेशले आफ्नो ऊर्जा आवश्यकताको करिब ९५ प्रतिशत बाहिरबाट ल्याउँछ । इन्धन अभावको आशंकासँगै राजधानी ढाकासहित विभिन्न स्थानका पेट्रोल पम्पहरूमा लामो लाइन देखिएको छ । सुरक्षा व्यवस्थालाई कडा बनाउन सेनालाई मुख्य डिपोहरूमा राखिएको छ भने पेट्रोल पम्प वरपर प्रहरी गस्ती बढाइएको छ ।

ढाकाको एक पेट्रोल पम्पका कर्मचारी अशरफुज्जमान दुलालले आपूर्ति नपुग्दा आक्रोशित मोटरसाइकल चालकहरूले स्टेसनमा तोडफोड गरेको बताए । उनका अनुसार डिपोबाट इन्धन नआएको जानकारी दिए पनि चालकहरू आश्वस्त नभएपछि आइतबार हिंसात्मक घटना भएको थियो ।

मंगलबार राजधानीको सबैभन्दा पुरानो स्टेसनमध्ये एक शाहजहाँ ट्रेडर्सले आफ्नो इन्धन सकिएको भन्दै ग्राहकसँग क्षमा माग्दै सूचना टाँसेको थियो । १७ करोड जनसंख्या भएको बंगलादेश सरकारले स्थिति नियन्त्रणमा राख्न इन्धन राशनिङ सुरु गरेको छ । ऊर्जा अभावका कारण विद्यार्थीहरूलाई घर पठाइएको छ भने सार्वजनिक उत्सवमा हुने प्रकाश प्रदर्शनहरू पनि रद्द गरिएको छ ।

यसैबीच दक्षिणी जिल्ला झेनैदाहमा शनिबार राति इन्धन भर्ने विषयमा कर्मचारीसँग भएको झडपमा एक युवकको मृत्यु भएको प्रहरीले जनाएको छ । २५ वर्षीय युवाको मृत्युपछि आक्रोशित भीडले तीनवटा बसमा आगजनी गर्नुका साथै एउटा फिलिङ स्टेसनमा तोडफोड गरेको थियो ।

ढाकाको सिटी सेन्टरमा मंगलबार करिब १.५ किलोमिटर लामो सवारीको लाइन देखिएको थियो । गाडीमा लामो समयदेखि पर्खिरहेका कामरुल हसनले आफ्नो मालिकले कार लाइनमै छोडेर गन्तव्यमा पुग्न रिक्सा प्रयोग गरेको बताए । पेट्रोल पम्पका कर्मचारी अख्तर हुसेनका अनुसार घण्टौंसम्म भीड नघट्ने अवस्था छ । 'खाडी युद्धको समयमा पनि हामीले यति ठूलो भीड देखेका थिएनौं,' उनले भने ।

उता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानविरुद्धको अमेरिका-इजरायल युद्ध 'छिट्टै अन्त्य हुन सक्ने' बताएपछि मंगलबार तेलको मूल्य केही घटेको छ । तर त्यसअघि अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य प्रतिब्यारेल १०० डलर नाघेको थियो । यो मूल्य सन् २०२२ मा रुसले युक्रेनमा आक्रमण गरेपछि देखिएको उच्च स्तर हो ।

इरानले मिसाइल र ड्रोन आक्रमणमार्फत खाडी क्षेत्रलाई लक्षित गरेपछि बजारमा अस्थिरता बढेको हो । युद्ध सुरु भएयता होर्मुज जलडमरूमध्यमा समुद्री यातायात पनि प्रभावित भएको छ । विश्वको करिब पाँचौं भाग कच्चा तेल यही मार्गहुँदै ओसारपसार हुने भएकाले यसको असर विश्वबजारमा देखिएको छ ।

इन्धन संकटको असर अन्य एसियाली देशहरूमा पनि देखिन थालेको छ । भियतनाममा मंगलबार हजारौं मोटरसाइकल चालक पेट्रोलका लागि लाममा उभिएका थिए । त्यहाँ अनलिडेड पेट्रोलको मूल्य २० प्रतिशतभन्दा बढीले बढेको छ ।

यद्यपि, सरकारले आयातीत पेट्रोलियम उत्पादनमा लगाइने शुल्क हटाएपछि भियतनाम ठूलो अभावबाट भने हालसम्म जोगिएको छ । हनोईका ५७ वर्षीय तुआन नामका एक व्यक्तिले पेट्रोलका लागि लामो समय पर्खनु परेपछि आफू निकै निराश भएको बताए । उनका अनुसार करिब एक घण्टा लाइनमा बसेपछि पालो आउँदा पम्पको प्रणाली बन्द भएको जानकारी दिइएको थियो, जसका कारण धेरै चालकहरू निराश भएर फर्किएका थिए ।

फिलिपिन्समा पनि यस हप्ता पेट्रोल पम्पहरूमा गाडीहरूको लाम देखिएको छ । अधिकारीहरूले इन्धन भण्डारण नगर्न चेतावनी दिएका छन् भने पाकिस्तान र श्रीलंकामा पनि यस्तै दृश्यहरू देखिएका छन् । मेट्रो मनिलाका ग्यास स्टेसन परिचारक एनरिको गुडाका अनुसार मूल्य अझ बढ्ने आशंकामा मानिसहरू हतारिएर इन्धन भर्न थालेपछि दैनिक कामको भार दोब्बर भएको छ ।

म्यान्मामा अवस्था अझ कठिन देखिएको छ । आफ्नो इन्धनको करिब ९० प्रतिशत आयात गर्ने यस देशमा पहिले नै गृहयुद्धका कारण ऊर्जा आपूर्ति कमजोर थियो । तेलको भण्डार जोगाउन सरकारले प्रत्येक दिन आधा निजी सवारीसाधन सडकमा नचलाउने व्यवस्था लागू गरेको छ । कार भाडामा दिने व्यवसायी ५६ वर्षीया ह्ला हतेले यस्तो नियमले गाडीमा निर्भर चालकहरूलाई व्यवसाय सञ्चालन गर्न कठिन बनाएको बताए । म्यान्माको सीमावर्ती सहर टाचिलिकमा थाइल्याण्डबाट हुने आपूर्ति घटेपछि केही पेट्रोल पम्पहरू बन्द भएका छन् । त्यहाँ गत हप्ता इन्धनको मूल्य तीन गुणासम्म बढेको थियो ।

यद्यपि जापान, इण्डोनेसिया, चीन, भारत र अफगानिस्तानजस्ता केही देशहरूमा भने हालसम्म व्यापक संकट देखिएको छैन । सियोलका ४२ वर्षीय व्यापारी ली इन-टेले भने सावधानीस्वरूप आफूले पहिलेभन्दा बढी पटक इन्धन भर्न थालेको बताए । 'पहिले हप्तामा एक पटक गाडीमा इन्धन हाल्थें, तर अब सस्तो पम्प देख्नेबित्तिकै भर्ने प्रयास गर्छु,' उनले भने । *रासस/एएफपी*

# बलियो निर्यातसँगै चीनको व्यापार वृद्धि

**बेइजिङ–** घरेलु माग कमजोर रहँदा पनि चीनले वर्षको सुरुआत उल्लेखनीय व्यापार वृद्धिसहित गरेको छ । आधिकारिक तथ्यांकअनुसार सन् २०२६ को पहिलो दुई महिनामा चीनको कूल व्यापार करिब २० प्रतिशतले बढेको देखिएको छ । यद्यपि अमेरिकातर्फको निर्यात घटे पनि अन्य प्रमुख बजारमा भएको वृद्धिले त्यसको भरपाइ गरेको छ ।



मंगलबार सार्वजनिक गरिएको भन्सारको सामान्य प्रशासनको तथ्यांकले जनवरी-फेब्रुअरी अवधिमा चीनको निर्यात २१.८ प्रतिशतले बढेको देखाएको छ । यो वृद्धि अर्थशास्त्रीहरूले गरेको ७.२ प्रतिशतको पूर्वानुमानभन्दा निकै माथि हो ।

घरेलु उपभोक्ता गतिविधि सुस्त हुँदै गएको अवस्थामा निर्यातमा आएको यो वृद्धि विश्वको दोस्रो ठूलो अर्थतन्त्रका लागि महत्त्वपूर्ण सहारा बनेको छ । यसले गत वर्ष हासिल गरिएको चीनको रेकर्ड व्यापार अधिशेषलाई थप विस्तार गरेको छ ।

पहिलो दुई महिनाको व्यापार तथ्यांक सामान्यतया चन्द्र नयाँ वर्षको बिदाका कारण हुने उतारचढावलाई समेटेर संयुक्तरूपमा सार्वजनिक गरिन्छ । यसपटकको तथ्यांकले मध्यपूर्वमा युद्ध सुरु हुनुअघि नै चीनको अर्थतन्त्रले सन् २०२६ को सुरुआत बलियो ढंगले गरेको संकेत दिएको छ ।

क्यापिटल इकोनोमिक्सका अर्थशास्त्री जिचुन हुआङका अनुसार हालै अमेरिकी भन्सार शुल्कमा आएको कमी र सेमिकण्डक्टरप्रतिको उच्च मागका कारण चीनको निर्यात अझै केही समय बलियो रहन सक्ने सम्भावना छ । यद्यपि, चीनको बढ्दो व्यापार अधिशेषलाई लिएर उसका प्रमुख व्यापारिक साझेदारहरूले चिन्ता व्यक्त गर्दै आएका छन् । चिनियाँ उत्पादनले स्थानीय उद्योगहरूमा प्रतिस्पर्धात्मक दबाब बढाइरहेकाले उनीहरूले बेइजिङलाई आफ्नो व्यापार असन्तुलन घटाउन दबाब दिइरहेका छन् ।

भन्सार तथ्यांकले दुई महिनाको अवधिमा चीनबाट अटोमोबाइल, कपडा तथा घरेलु उपकरणजस्ता उत्पादनहरूको निर्यात उल्लेखनीयरूपमा बढेको देखाएको छ । यो तथ्यांक चीनका शीर्ष नेताहरू वार्षिक राजनीतिक बैठक 'दुई सत्र' मा सहभागी भइरहेका समयमा सार्वजनिक भएको हो । गत हप्ता सरकारले दशकौंयताकै सबैभन्दा न्यून आर्थिक वृद्धिदर लक्ष्य घोषणा गरेको थियो ।

चीनको अर्थतन्त्रका प्रमुख चुनौतीहरूमध्ये घरेलु खर्चमा लामो समयदेखि देखिएको मन्दी पनि एक हो । महामारी समाप्त भएपछि पनि उपभोक्ता खर्च अपेक्षाअनुसार पुनः उकासिन सकेको छैन ।

तर आयाततर्फ भने केही सुधार देखिएको छ । पछिल्लो तथ्यांकअनुसार जनवरी-फेब्रुअरीमा चीनको आयात १९.८ प्रतिशतले बढेको छ । यो ब्लुमबर्ग सर्वेक्षणले अनुमान गरेको सात प्रतिशतभन्दा निकै माथि हो । यससँगै गत महिना उपभोक्ता मूल्य तीन वर्षयताकै तीव्र गतिमा बढेको तथ्यांक पनि सार्वजनिक भएको थियो ।

अर्कोतर्फ अमेरिकातर्फको चिनियाँ निर्यात भने ११ प्रतिशतले घटेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो कर अभियानलाई तीव्र बनाएपछि यस्तो गिरावट देखिएको हो । गत वर्ष बेइजिङ र वासिङ्टनबीच व्यापार युद्ध चर्किएको थियो, जसका क्रममा केही सामानमा तीन अंकसम्मका पारस्परिक करहरू लगाइएका थिए । यद्यपि, यसै महिनाको अन्त्यतिर ट्रम्प चीन भ्रमणमा जाने तयारीमा रहेका कारण दुई देशबीचको तनाव केही कम हुने आशा गरिएको छ ।

तथ्यांकअनुसार जनवरी-फेब्रुअरी अवधिमा अमेरिकातर्फ चीनको निर्यात ६७ अर्ब २४ करोड डलर पुगेको छ । यो अघिल्लो वर्षको सोही अवधिमा यो ७५ अर्ब ५६ करोड डलर थियो । त्यसै अवधिमा युरोपेली संघ (इयू) तर्फ निर्यात २७.८ प्रतिशतले बढेको छ भने आसियान राष्ट्रहरूतर्फ २९.२ प्रतिशतले वृद्धि भएको छ ।

मध्यपूर्वको विकसित परिस्थितिले चीनको ऊर्जा आयातमा पनि प्रभाव पार्ने संकेत देखिएको छ । अर्थशास्त्री हुआङका अनुसार त्यहाँको द्वन्द्वले चीनको तेल आयात खर्च बढाउने सम्भावना छ, यद्यपि आयातको परिमाणमा ठूलो असर नपर्न सक्छ ।

अमेरिका र इजरायलले इरानविरुद्ध सञ्चालन गरेको युद्धका कारण तेलको मूल्य सन् २०२२ मा रुसले युक्रेनमाथि आक्रमण गरेपछि देखिएको उच्चतमस्तरमा पुगेको छ । यसले विश्व अर्थतन्त्रप्रति चिन्ता बढाएको छ ।

यस द्वन्द्वका कारण विश्वको करिब पाँचौं भाग तेल ओसार्ने महत्त्वपूर्ण समुद्री मार्ग होर्मुज जलडमरू लगभग बन्द भएको अवस्था सिर्जना भएको छ ।

यही तनावबीच विश्वकै सबैभन्दा ठूलो कच्चापदार्थ आयातकर्ता चीनले जनवरी-फेब्रुअरी अवधिमा तेल आयात १६ प्रतिशतले बढाएको भन्सार तथ्यांकले देखाएको छ । पिनपोइन्ट एसेट म्यानेजमेन्टका अध्यक्ष तथा प्रमुख अर्थशास्त्री झिवेइ झाङका अनुसार निर्यातमा देखिएको बलियो वृद्धि चीनको बढ्दो व्यापार असन्तुलनप्रति चिन्तित व्यापारिक साझेदारहरूको तर्कलाई अझ बलियो बनाउने छ ।

चीनका वाणिज्यमन्त्री वाङ वेन्टाओले पनि बेइजिङमा जारी 'दुई सत्र' राजनीतिक बैठकको सन्दर्भमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा देशको व्यापार सन्तुलित हुन आवश्यक रहेको स्वीकार गरेका थिए । उनका अनुसार निर्यात र आयात गाडीका दुई पांग्राजस्तै हुन् । 'यदि यी दुई सन्तुलित भए भनेमात्र गाडी सहजरूपमा अगाडि बढ्न सक्छ,' उनले भने ।

विश्लेषक झाङले बलियो निर्यात प्रदर्शन र सरकारले निर्धारण गरेको तुलनात्मकरूपमा कम आर्थिक वृद्धिदर लक्ष्यलाई हेर्दा चीनले निकट भविष्यमा ठूलो आर्थिक प्रोत्साहन कार्यक्रम ल्याउने सम्भावना कम रहेको संकेत दिएको बताएका छन् । *रासस/एएफपी*


**जन्तेढुङ्गा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चिसापानी, खोटाङ**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः–२०८२/११/२७**

यस कार्यालयबाट मिति २०८२/१०/११ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार bolpatra.gov.np/egp मा रितपूर्वक म्याद भित्र दर्ता हुन आएका तपसिलको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ स्वीकृतको लागि छनौट गर्ने आशयको सात (७) दिने सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपसिल**

| IFB No. | Description of Work | Bidder Selected | Amount (Without VAT & PS) |
|---|---|---|---|
| JRM/GOOD/ NCB/01/2082/83 | Phusko Chhano Visthapan Karykram | Mira Construction And Multipurpose Company, Kebilasi-7, Sarlahi | Nrs. 68,68,085.20 |
| JRM/WORK/ NCB/06/2082/83 | Gaunpalika Sauchalaya Nirman Ra Purano Bhawan Marmat Sahit Kosheli Ghar Sampanna | Unan Nirman Sewa, Triyuga-11, Udaypur | Nrs. 23,97,495.60 |

**Chief Administrative Officer**



**सुदूरपश्चिम प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
**बैतडी**

**ठेक्का संशोधन सम्बन्धी सूचना**

**(प्रकाशित मितिः- २०८२/११/२७)**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०८२/१०/२५ गते "प्रक्षेपण" राष्ट्रिय दैनिक र e-bid मार्फत प्रकाशित सूचना बमोजिम तपसिलमा उल्लेखित बोलपत्र आह्वान सूचनाको ठेक्का न - IDOBTD/NCB/W/R/०८२-०८३/४२ मा ठेक्का सम्बन्धित विवरणहरु कारणवश संशोधन गर्नुपर्ने भएकोले उक्त ठेक्का तपसिल अनुसार संशोधन गरिएको जानकारी सम्बन्धित सबैका लागि अनुरोध छ ।

| S. N. | Contract Identification No: | Description of Work (Revised Contract Name) | Estimated Amount NRS (With VAT and PS) | Cost of Bid Document (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1 | IDOBTD/NCB/ W/R/082-083/42 | Upgrading and Improvement of Bhumirajmandu Harichan Raulakedar Sadak Surnaya-6 and 5, Baitadi | 2,433,000.12 | 3000 | 61,000.00 |

**कार्यालय प्रमुख**



**कोशी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**शैलजा आचार्य कोशी प्रादेशिक अस्पताल तथा हृदय केन्द्र**
**विराटनगर, नेपाल**

**Construction and Maintenance of Emergency block**
**Invitation for Sealed Quotation**

**SAKPHCC-SQ-04**

**प्रथम पटक प्रकाशित मितिः २०८२/११/२७**

यस अस्पतालको विभिन्न स्थानमा केहि निर्माण तथा मर्मत कार्य गर्न सिलबन्दी दरभाउपत्रका माध्यमबाट निर्माण तथा मर्मत कार्य गर्नु पर्ने भएकाले इच्छुक इजाजात पत्र प्राप्त व्यक्ती, फर्मर कम्पन्नी, व्यवसायी तथा संस्थाहरूले सार्वजनिक खरिद कार्यालयको EGP Portal https://bolpatra.gov.np/egp मार्फत सिलबन्दी दरभाउपत्र प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबै सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सिलबन्दी दरभाउपत्र प्रस्ताव सम्बन्धी सम्पुर्ण जानकारी सार्वजनिक खरिद कार्यालयको EGP Portal https://bolpatra.gov.np को माध्यमबाट आव्हान गरिएको बोलपत्र कागजातमा रहेको सूचनामा उल्लेख गरिएको छ ।

**फोन नं. ०२१-४७५५१५, इमेलः sailajahospitalp1@gmail.com**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३१७००० | प्रति तोला – ० | प्रति तोला – ५७२० |



**चैते धानको रोपाइँ** | झापाको कमल गाउँपालिका–७ स्थित मेमेङ टोलका किसानहरू चैते धान रोपाइँ गर्दै । पछिल्लो समय जिल्लामा चैते धान खेती गर्ने क्रम बढ्दै गएको छ । *तस्बिर : यज्ञराज आङदेम्बे/रासस*

# पोखरा–जोमसोम हवाई सेवा तीन महिनापछि सञ्चालन

■ **प्रभाव संवाददाता**



**मुस्ताङ–** हिउँदयामको प्रतिकूल मौसम तथा पर्यटकीय अफसिजनका कारण विगत तीन महिनादेखि बन्द रहेको (पोखरा-जोमसोम) हवाई सेवा सोमबारदेखि सञ्चालनमा आएको छ । तर, पोखरा-जोमसोम हवाई सेवा सञ्चालनका लागि सोमबार तारा एयरलाइन्सको उडान र मंगलबार तारा एयरलाइन्स र समिट एयरलाइन्सको उडान तालिका तय गरिएको भए पनि प्रतिकूल मौसमका कारण हवाई उडान सुरु हुन नसकेको जोमसोम नागरिक उड्डयन कार्यालयले जनाएको छ ।

यसअघि (पोखरा–जोमसोम) हवाई उडान गर्दै आइरहेको निजी वायुसेवा कम्पनी तारा एयरलाइन्सले डिसेम्बर ४ तारिखदेखि मार्च १ तारिखसम्म हवाई सेवा बन्द गर्ने निर्णय गरेको थियो । यसैगरी यहाँ उडान भर्दै आइरहेको अर्को निजी वायुसेवा कम्पनी समिट एयरलाइन्सले पनि डिसेम्बर १ देखि फेब्रअरी १ सम्म (पोखरा-जोमसोम) हवाई उडान सेवा बन्द गर्ने निर्णय गरेको थियो ।

हिउँदयामको अत्यधिक चिसो, सम्भावित हिमपात र प्रतिकूल मौसमका कारण बन्द गरिएको पोखरा-जोमसोम हवाई उडान सेवा निजी वायुसेवा कम्पनीले जनाएअनुसार तोकिएको समयभन्दा केही ढिला गरी सञ्चालनमा ल्याइएको हो । यहाँ नियमित रूपमा उडान गर्दै आइरहेको तारा एयरलाइन्स कम्पनीले मार्च १ तारिखदेखि हवाई उडान सुचारु गर्ने जनाएपछि फागुन २१ गतेको निर्वाचनका कारण एक हप्ता ढिलो गरी सञ्चालनमा ल्याउन लागेको हो ।

यसैगरी यहाँ उडान भर्ने गरेको निजी वायुसेवा कम्पनीले पनि फेब्रअरी १ तारिखदेखि (पोखरा-जोमसोम) हवाई सेवा सञ्चालनमा ल्याउने जनाएता पनि निर्वाचनको समय परेकाले एक महिना बढी ढिलो गरी सञ्चालनमा ल्याएको हो ।

मौसम प्रतिकूलता तथा पर्यटकीय अफसिजनका कारण उडान स्थगित भएको पोखरा-जोमसोम हवाई सेवा तीन महिनापछि सञ्चालनमा आइसकेको जोमसोम नागरिक उड्डयन कार्यालयका प्रमुख दीपक पोखरेलले जानकारी दिए । उनका अनुसार सोमबारदेखि हवाई सेवा सञ्चालनमा ल्याउने सबै तयारी भइरहेकोमा खराब मौसमका कारण सोमबार र मंगलबार निजी वायुसेवा कम्पनीका ट्वीनेटर जहाजहरूले उडान भर्न सकेको छैन ।

तीन महिनापछि सोमबार तारा एयरको जहाज र मंगलबार तारा र समिट एयरलाइन्सको उडान तालिका रहेकोमा प्रतिकूल मौसमका कारण हवाई उडान हुन नसकेको नागरिक उड्डयन प्रमुख पोखरेलको भनाइ छ । मंगलबार पोखराबाट जोमसोमका लागि तारा एयरलाइन्सको दुई उडान र समिट एयरलाइन्सको तीन उडान तय भएकोमा मौसम प्रतिकूलताका कारण उडान रद्द हुन पुगेको बताए । मौसम खुलेमा पोखरा-जोमसोम हवाई सेवा नियमित हुने प्रमुख पोखरेलले उल्लेख गरे ।

वसन्त ऋतुको आगमनसँगै मुस्ताङमा पर्यटकीय चहलपहल हुने भएकाले बर्सेनि यहाँ उडान भर्ने निजी वायुसेवा कम्पनीले पुस र माघ महिना पूरै उडान बन्द गरेर फागुन महिनामा पुनः हवाई उडान सेवा सञ्चालन गर्ने गरिन्छ । यस वर्ष पर्यटकीय याम सुरु भएको भए पनि फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचनका कारण पर्यटकको आगमन हुन नसकेको हो ।

मुक्तिनाथ दर्शनका लागि मुस्ताङमा अधिकांश भारतीय पर्यटकहरू पोखरा-जोमसोम हवाई मार्गबाट आउने गरेकोमा सिमानाका बन्द भएकाले पनि हवाई सेवा प्रभावित भएको हो । तारा एयरलाइन्स जोमसोमका स्टेसन इन्चार्ज सुचन लालचनले निर्वाचनका कारण पर्यटकको आगमन प्रभावित भएको भए पनि अब निर्वाचन सकिएका हवाई यात्रा गर्ने पर्यटकको संख्या वृद्धि हुने अपेक्षा गर्नुभयो । निर्वाचन सकिएकाले पोखरा-जोमसोम हवाई सेवाका लागि हवाई यात्रुहरूले धमाधम टिकट बुकिङ गर्न थालेको उनको भनाइ छ ।

मुस्ताङमा बर्सेनि डेढ लाख विदेशी पर्यटक भित्रिने गरेकोमा ७० प्रतिशत विदेशी पर्यटक भारतीय दर्शनार्थी रहेको छ । पछिल्लो समय राष्ट्रिय गौरवको बेनी-जोमसोम-कोरला सडक सहज हुँदै जान थालेपछि विगतको तुलनामा पोखरा-जोमसोम हवाई यात्रुको संख्या घट्दै जान थालेको छ ।

पछिल्लो समय भारतीय पर्यटक बेनी-जोमसोम सडकमार्ग हुँदै मुक्तिनाथ दर्शन गर्न आउने भएकाले हवाई उडान घट्दै गइरहेको छ । कुनै समय मुस्ताङमा निजी वायुसेवा कम्पनीले दैनिक १८ वटासम्म उडान भर्ने गरेका थिए । पछिल्लो समय यहाँ दैनिक १० वटाभन्दा बढी उडान हुन सकेको छैन ।

मुस्ताङमा पोखरा-जोमसोम हवाई उडानका लागि तारा एयरलाइन्स र समिट एयरलाइन्सको जहाजले मात्रै उडान भर्दैआइरहेका छन् । नेपाल वायुसेवा कम्पनीको जोमसोममा टिकट बुकिङ कार्यालय सञ्चालनमा रहे पनि लामो समयदेखि नेपाल वायुसेवा कम्पनीको हवाई उडान सेवा सञ्चालन हुन सकिरहेको छैन ।

# सिरहामा ग्यास अभावको बहानामा कालोबजारी

■ **प्रभाव संवाददाता**

**सिरहा–** जिल्लामा खाना पकाउने एलपी ग्यासको अभाव देखाउँदै केही बिक्रेताले कालोबजारी गर्न थालेका जनगुनासो बढेको छ । उपभोक्ता र व्यवसायीले निर्धारण गरिएको मूल्यभन्दा दोब्बरभन्दा बढी रकम तिर्नुपर्ने अवस्था आएको पीडितले बताएका छन् ।

लहानस्थित महराजा रेस्टुरेन्ट एण्ड होटेलका सञ्चालक पिन्टु राउतका अनुसार ग्यास अभावको मौका छोपेर पसलेहरूले अत्यधिक मूल्य असुल्न थालेका हुन् । 'दुई थान ग्यास लिन जाँदा प्रतिसिलिन्डर चार हजार ५०० रूपैयाँ मागियो', उनले भने, 'निर्धारित मूल्यमा दुई सिलिन्डरको तीन हजार ८२० रूपैयाँ पर्नुपर्ने हो । नौ हजार रूपैयाँ भनेपछि कसरी तिर्नु ? त्यसपछि रित्तै हात फर्किनुपर्‍यो ।'

सिरहा नगरपालिका-६ मा चियानास्ता पसल सञ्चालन गर्दै आएका प्रमोद यादवले पनि निर्धारण गरिएको मूल्यमा ग्यास नपाउँदा व्यवसाय चलाउन कठिन भएको बताए । 'सिलिन्डर किन्दा चार हजार ५०० रूपैयाँ तिर्नुपर्छ', उनले भने, 'त्यति महँगोमा किनेर कसरी खर्च धान्नु ? अब खाना पनि खान नसकिने अवस्था आउला कि भन्ने चिन्ता बढेको छ ।'

खाना पकाउने ग्यासको खुद्रा मूल्य प्रतिसिलिन्डर एक हजार ९१० रूपैयाँ रहेको छ । तर बजारमा भने त्यसको दोब्बरभन्दा बढी मूल्यमा बिक्री भइरहेको उपभोक्ताको गुनासो छ । उपभोक्ता अधिकारकर्मीले ग्यासको कृत्रिम अभाव सिर्जना गरेर कालोबजारी भइरहेको हुनसक्ने भन्दै सम्बन्धित निकायलाई तुरुन्त अनुगमन गर्न आग्रह गरेका छन् । जिल्ला प्रशासन कार्यालय सिरहाले कालोबजारी गर्नेविरुद्ध कारबाही गरिने चेतावनी दिएको सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले जानकारी दिए ।

कालोबजारी कानुनविपरीत काम भएकाले कोही दोषी पाइए कारबाही हुने उनले बताए । उनले भने, 'हामी वाणिज्य कार्यालय र सम्बन्धित निकायसँग समन्वय गरेर बजार अनुगमन गर्नेछौं, कालोबजारी गरेको पाइए कानुनबमोजिम कारबाही हुन्छ ।' नेपाल आयल निगमका स्थानीय वितरकहरूले ढुवानी र आपूर्ति व्यवस्थापनमा समस्या हुनुका साथै निर्वाचनका कारण तीन दिन सिमाना बन्द गरिनु उपभोक्ताहरूले पनि ग्यास भण्डारण गरेर राख्नुलगायत कारणले बजारमा अभाव देखिएको बताएका छन् ।

# सूर्यमुखी बगानले बढायो कृषि पर्यटन

**नारायणगढ–** भरतपुर महानगरपालिका-१५ फूलबारीस्थित श्रीपुरमा प्रांगारिक किसान चन्द्रप्रसाद अधिकारीले लगाएको सूर्यमुखी बगानमा अहिले फूल ढकमक्क फुलेसँगै अवलोकन गर्ने मानिसको भीड देखिन थालेको छ । करिब साढे दुई बिघा क्षेत्रफलमा फुलेका सूर्यमुखी फूल हेर्न आउनेको जमात दिनदिनै बढ्दै गएको छ ।

यहाँ कोही टिकटक बनाउँदै भेटिन्छन् भने कोही अध्ययन-अवलोकन गर्दै र कोही फोटो खिच्दै रमाइरहेका देखिन्छन् । फूलमा मौरीले रस संकलन गर्दै बगानभरि घुमिरहेको दृश्य र बाली जोगाउन सुगालगायत चरालाई भगाउन राखिएका 'डमी'ले यस क्षेत्रलाई थप आकर्षक बनाएको छ । बगानको बीच भागमा निर्माण गरिएका मचानमा बसेर चारैतिर फैलिएको सूर्यमुखी बारी अवलोकन गर्दा निकै रमाइलो अनुभव गर्न सकिन्छ ।

भरतपुर-३ बाट अवलोकन गर्न आएका पवन अधिकारी र उल्झना अधिकारीले यहाँको वातावरण निकै रमाइलो लागेको बताए । उनीहरूले अन्यलाई पनि यहाँ आएर फूलको सौन्दर्य अवलोकन गर्न र केही समय मन प्रफुल्लित बनाउन आग्रह गरे ।

त्यसैगरी, समूहमा यहाँ घुम्न आएका गीता खड्का, आस्मा गुरुङ, जेनी चौधरी, सानु चौधरी र साना चौधरीले पनि बगान निकै आकर्षक



रहेको बताए । नारायणगढबाट आएका उनीहरूले अघिल्लो वर्ष आउने योजना भए पनि फूल सुकेको हुँदा आउन नपाएको र यस वर्ष भने फूल फुलेको समयमा आएको बताए । टिकटकमा देखेर यहाँ आउन प्रेरणा मिलेको उनीहरूको भनाइ छ ।

एग्रो-इको टुरिजम प्रवर्द्धन गर्ने उद्देश्यले तयार गरिएको यस बगानले यस क्षेत्रलाई चहलपहल बनाउनुका साथै युवाहरूलाई कृषि क्षेत्रमा लाग्न प्रेरणा पनि दिएको छ । हाल यहाँ दैनिक चारदेखि पाँच सयसम्म मानिस विभिन्न स्थानबाट अवलोकन गर्न आउने गरेका छन् । फूल फुल्ने समय सीमित हुने भएकाले यस अवधिमा आगन्तुकको भीड बढी हुने गरेको छ । अधिकारीले भने, 'धेरैजसो रमाउन, फोटो खिच्न र टिकटक बनाउन आउनुहुन्छ । कतिपय भने खेतीबारे बुझ्न पनि आउनुहुन्छ । बीउ कहाँ पाइन्छ ? 'मेरो पनि जग्गा छ, म पनि लगाउँछु' भन्दै सल्लाह लिन आउनुहुन्छ । सकेसम्म मैले जानेको कुरा सिकाएर पठाउने गरेको छु ।' युवाहरूमा पनि यस खेतीप्रति आकर्षण बढ्दै गएको र कृषि पर्यटनको सम्भावना देखिएको उनको भनाइ छ ।

प्रांगारिक किसान अधिकारीले कुनै पनि रासायनिक मल वा विषादी प्रयोग नगरी खेती गर्न थालेको ३६ वर्ष भएको बताउँछन् । उनको अग्रसरतामा जिल्लाका केही स्थानमा प्रांगारिक कृषि प्रणाली पनि अपनाइएको छ । यहाँ उनले सूर्यमुखीसँगै गाजर, चुकन्दरलगायतका खेती पनि गर्दै आएका छन् ।

उनका अनुसार गत वर्ष यहाँ गाजर र चुकन्दरखेती गरिएको थियो भने अघिल्लो वर्ष पनि सूर्यमुखी लगाइएको थियो । यस वर्ष पुनः सूर्यमुखी खेती गरिएको उनले बताए । अघिल्लो वर्ष आगन्तुकबाट राम्रो प्रतिक्रिया प्राप्त भएपछि यस वर्ष पनि सूर्यमुखी लगाइएको र हालसम्म राम्रो भइरहेको उनको भनाइ छ । उनका अनुसार यस बगान स्थापना गर्न रोपाइँ, गोडमेल र व्यवस्थापनमा ठूलो लगानी गरिएको छ । उनले तेलबाली अनुसन्धान कार्यक्रम सर्लाहीबाट बीउ ल्याएर यहाँ सूर्यमुखीखेती गरेका हुन् । यहाँ उत्पादन हुने प्रांगारिक वस्तुको बजारको समस्या नभएको उनले बताए । काठमाडौँस्थित अर्ग्यानिक मार्टमा यहाँका उत्पादन जाने गरेका छन् । सूर्यमुखीको तेल प्रतिलिटर रु ८०० मा बिक्री हुने उनको भनाइ छ ।

उनका अनुसार मङ्सिरको सुरुमा रोपिएको सूर्यमुखी चैतमा उत्पादन दिन्छ । यही समयमा फूल फुल्ने भएकाले मानिसहरू अवलोकन गर्न आउने गरेका हुन् । 'फूल फुल्ने समयमा कृषि पर्यटनसँग जोडिएको छ', उनले भने, 'मैले सुरुमा पर्यावरणमैत्री कृषि गरिरहेको थिएँ, पछि यससँग पर्यटन पनि जोडियो ।' कृषिमा अत्यधिक नाफाको अपेक्षा गर्नु नहुने उनी बताउँछन् । *रासस*

# नेप्सेमा ३२ अंकको गिरावट
## साढे २१ अर्बको कारोबार




**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ३२ दशमलव ०८ अंकले घटेर दुई हजार ८४३ दशमलव ३५ को बिन्दुमा कायम भएको छ । यो एक दशमलव ११ प्रतिशतको गिरावट हो ।

३२९ कम्पनीको पाँच करोड २७ लाख ११ हजार ३५३ कित्ता शेयर दुई करोड पाँच लाख ६११ पटक खरिद-बिक्री हुँदा रु २१ अर्ब ५० करोड २० लाख ३१ हजार ३२० बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

कारोबारमा जीवन बिमा शून्य दशमलव ५१, म्युचुअल फन्ड एक दशमलव ३४ र निर्जीवन बिमा शून्य दशमलव ४७ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ । बैंकिङ एक दशमलव २७, विकास बैंक एक दशमलव १६, वित्त दुई दशमलव ०६, होटल तथा पर्यटन एक दशमलव ८५, जलविद्युत् एक दशमलव ४५ र लगानी समूह एक दशमलव ४८ प्रतिशतले घटेको छ । उत्पादन तथा प्रशोधन एक दशमलव ८२, लघुवित्त शून्य दशमलव १७, व्यापार दुई दशमलव १२ र अन्य समूह एक दशमलव ४० प्रतिशतले घटेको छ ।

रिलायन्स स्पिनिङ मिल्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने हिमस्टार ऊर्जा कम्पनी लिमिटेडको शेयर मूल्य छ दशमलव ३६ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै डादी ग्रुप पावर लिमिटेडको रु एक अर्ब नौ करोड ७३ लाख ५५ हजार १५७ बराबरको २४ लाख नौ हजार ९८९ कित्ता शेयर कारोबार भएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ